जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २६ • अंक १४२ • २०८१ साल आश्विन २२ गते मंगलबार (8 October, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## चाडपर्वको बेला मौसमी अनुगमन

**टुडे समाचारदाता**

जनकपुरधाम । दशैं, तिहार र छठ पर्व आएसंगै जनकपुरधाममा अनुगमनका लागि स्थानीय प्रशासन सक्रिय भएको छ ।

यस अघि गुणस्तरहीन कमसल र अखाद्यवस्तुसहितका सामग्रीको बिक्रीवितरण भइरहेको र सोही सामग्री सेवाग्राहीहरु उपभोग गर्दै आएको गुनासाहरु आए पनि वेवास्ता गर्दै आएका स्थानीय प्रशासन अहिले एक समूह बनाएर अनुमगन गर्ने नाममा सक्रिय भएका छन् ।

जनकपुरधामस्थित गोपाल धर्मशालामा लाग्ने गरेको साताव्यापी सस्तो बजारमा समेत अखाद्य तथा गुणस्तरहीन सामग्रीहरु बिक्रीवितरण हुँदा पनि वास्ता नगर्दै चाडपर्व लक्षित बजार अनुगमन तीव्र रुपमा गर्ने गरेकाले सो कार्यलाई स्थानीयहरुले आशंका गर्न थालेका छन् ।

चाडपर्वको समयमा उपभोक्ता ठगी, गुणस्तरहीन सामानको विक्री र मूल्यवृद्धि रोकथामका लागि घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधामको संयुक्त टोलीले अनुगमलाई तीव्रता दिएको दाबी गरिए पनि स्थानीय उपभोक्ताले भने अधिकांश होटेलमा मिष्ठानदेखि भोजनसम्ममा अखाद्य तथा बासी खाद्यान्न सामग्री एवं म्याद गुज्रेका वस्तुहरु प्रयोग गर्दा पनि वेवास्ता गर्दै आएको गुनासो गरेका छन् ।

स्थानीय रोशन कुमार साहले चाडपर्वमा अनुगमन गर्नु राम्रै काम रहे पनि अन्यदिनमा पनि अनुगमन गरी कानुनी कारबाही गर्नुपर्ने बताए । उनले होटेल व्यवसायी तथा पसलेहरुसंग कुरा मिलाउने नाममा गरिने अनुगमनले उपभोक्ता तथा ग्राहकको स्वास्थ्यमाथि खेलवाड गरिरहेको आरोप लगाए ।

अनुगमनको क्रममा जानकी चोकस्थित शम्भु किराना पसलबाट म्याद गुज्रिएका खाद्य सामग्रीहरु चियापति, मसाला बरामद गरिएका छन् भने सोही स्थानको कुनाल शुद्ध शाकाहारी भोजनालयबाट म्याद गुज्रिएका कोक, फेन्टा बरामद गरी सो सामग्रीलाई प्रशासन कार्यालय परिसरमा नष्ट गरिएको छ ।

त्यस्तै जानकी मन्दिर वरपरका मिठाई तथा खाजानास्ता पसलहरुमा स्वच्छता सम्बन्धि सामग्री प्रयोग नभएको पाइए पनि चेतावनी दिएर होटेल व्यवसायीहरुलाई छाडेको भन्दै उपभोक्ताहरुले स्थानीय प्रशासनको क्षमतामाथि नै प्रश्न खडा गरेका छन् ।

### मेयर सिंहलाई हातपात

## डुबानमा रहेका वासिन्दा आक्रोशित, चार जना पक्राउ

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहमाथि हातपातको प्रयास भएको छ । डुबानबाट प्रभावित वीरगञ्ज महानगरपालिकाका पीडित वासिन्दाहरुले मेयर सिंहमाथि आक्रमक देखिएका थिए ।

वीरगञ्जको वडा नम्बर १७ स्थित अलौका स्थानीय वासिन्दाद्वारा मेयर सिंहमाथि हातपातको प्रयास भएको हो । वीरगञ्ज महानगरपालिका अन्तर्गत बहुअरी ,सुगौली र हरतपतगञ्जको वासिन्दाहरुको १ सय विघाभन्दा बढी खेत डुबानमा परेको छ ।

स्थानीय वासिन्दाहरुले डुबान खोलाउन मेयर सिंहलाई पटक-पटक आग्रह गर्दा पनि वास्ता नगरेको आरोप छ । नगर प्रहरीलाई आइतबार पानीको मुहान खुलाउन पठाउँदा विवाद भएको थियो । पानीको बहाव खुलाउन कर्मचारी जाँदा अलौ र कोन्हियावासीले अवरोध गरेका थिए । स्थानीय वासिन्दाहरुले अवरोध गरेपछि नगर प्रहरीलगायतका कर्मचारीहरुले बल प्रयोग गरे ।

नगर प्रहरीले बल प्रयोग गर्ने क्रममा स्थानीय वासिन्दाले हातपात गर्दै खेदेका थिए । स्थानीय वासिन्दाहरुले खेदेको कारण नगर प्रहरीलगायतका कर्मचारीहरु पनि आक्रोशित भएका थिए । तर तत्काल ठूलो विवाद भने उत्पन्न नभएको प्रत्यक्षदर्शीहरुले बताए ।

नगर प्रहरीलाई स्थानीयले धपाएपछि मेयर सिंह सोमबार दिउँसो दलबलका साथ त्यहाँ पुगेका थिए । मेयर सिंह त्यहाँ पुग्ने वितिकै आइतबारको घटनामा



संलग्न रहेका भनिएको सुदर्शन लामिछानेको कठालो समातेर तान्दै गाडीमा राख्ने प्रयास गरिरहँदा स्थानीय बचाउमा उत्रेका थिए ।

स्थानीय प्रत्यक्षदर्शीले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको भिडियोमा नगर प्रहरीलगायतका कर्मचारीहरुले बचाउ गरेको देखिन्छ । तनाव बढेपछि घटनास्थलमा रहेका प्रत्यक्षदर्शी पर सरेका थिए ।

लामिछानेको बचाउ गरिरहेका स्थानीय वासिन्दाले मेयर सिंहमाथि हातपात गरेको प्रत्यक्षदर्शीहरुले जनाएका छन् । तर स्थानीय वासिन्दाहरुले मेयर

> मेयर सिंहले वडा अध्यक्षलाई समेत विवाद सुल्झाएर पानीको मुहान खुलाउन सहयोग नगरी स्वयं दादागिरी गर्न जानु ठिक नभएको स्थानीय प्रत्यक्षदर्शीहरुले बताए ।

सिंह गुण्डाशैलीमा लामिछानेलाई तान्दै गाडीमा राख्न चाहेको आरोप लगाएका छन् । छलफलबाट समस्याको समाधानको पहल नगरी मेयर सिंह सोभै आक्रमक रुपमा प्रस्तुत भएको स्थानीयको आरोप छ ।

मेयर सिंहले दादागिरी गर्न खोजेपछि स्थानीयले प्रतिकार मात्र गरेको लामिछाने पक्षले जनाएका छन् । तर नगरका कर्मचारीहरुका अनुसार सुदर्शन लामिछाने लगायतका केही व्यक्तिहरुले मेयर सिंहलाई धक्कामुक्की गर्न खोजेका थिए । तर नगर प्रहरी र नेपाल प्रहरीको सहयोगमा धक्कामुक्की गर्न खोज्नेहरुलाई पाखा लगाइएको एकजना कर्मचारीले जनाए ।

मेयर सिंहले वडा अध्यक्षलाई समेत विवाद सुल्भाएर पानीको मुहान खुलाउन सहयोग नगरी स्वयं दादागिरी गर्न जानु ठिक नभएको स्थानीय प्रत्यक्षदर्शीहरुले बताए ।

मेयर सिंह आक्रमक रुपमा प्रस्तुत भएपछि विवाद चर्किएको बताइन्छ । सुदर्शन लामिछाने लगायतका अलौवासीहरुले नगर प्रहरी र मेयर राजेशमान सिंहमाथि जाइलागेका थिए ।

लामिछाने वडा नम्बर १७ को नेपाली कांग्रेस बुथ सभापति हुन् । उनीहरुले पानीको मुहान खोल्दा अर्कोतर्फ डुबान हुने भएकाले दुवैतर्फ क्षति नहुने गरी समाधान खोज्न आग्रह गरेको बताइन्छ । अलौवासीहरुले पानीको मुहान थुनेको मेयर सिंहको आरोप छ ।

वर्षा भएदेखि नै खेत डुबानमा छ । पानीको निकास नहुँदा वाली नष्ट हुने किसानको चिन्ता छ । उनीहरुले कयौं पटक पानीको मुहान खुलाउन प्रयास गरेका हुन् । तर समस्या समाधान हुन सकेको छैन । सोमबार भएको हात हालाहालले विवाद भन चर्किएको छ । मेयर सिंह कयौं पटक यस किसिमको विवादमा परेका छन् । कार्यालय परिसरमा समेत उनी यस प्रकारको विवादमा परेका थिए ।

प्रहरीले ४ जना स्थानीय वासिन्दालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कुमोद ढुंगेलले शान्तिसुरक्षाका लागि ४ जनालाई नियन्त्रणमा लिएको बताएका छन् । तर उनीहरुमाथि कुनै मुद्दा दर्ता भइनसकेको बताउँदै उनले मंगलबार यस सम्बन्धमा निर्णय गरिने बताए ।

नागरिकता लगायतको विवादमा रहेका मेयर सिंह भ्रष्टाचारमा समेत मुछिएका छन् । नेपालको झण्डा ३५ हजारमा बनाएको अरोपमा परेका मेयरमाथि कारबाहीको माग गर्दै विभिन्न निकायहरुमा उजुरीसमेत परेको छ ।






# बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या दुई सय ४६



काठमाण्डु । यही असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढीपहिरोमा परेर सोमबारसम्म मृत्यु हुनेको संख्या दुई सय ४६ पुगेका छन् । नेपाल प्रहरीले सोमबार सार्वजनिक गरेको विवरणअनुसार आजसम्म एक सय ७८ घाइते भएका छन् भने १८ जना बेपत्ता रहेको गृहमन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिनुभयो ।

उहाँकाअनुसार कूल १७ हजार एक सय ७४ को उद्धार गरिएको छ । सबैभन्दा ठूलो जनधनको क्षति बागमती प्रदेशमा भएको र त्यसमा पनि काठमाडौं उपत्यकामा धेरै क्षति भएको छ । बागमतीमा मात्रै एक सय ३९ जनाको मृत्यु भएको छ ।एक सय ७६ आश्रित परिवारलाई 'विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७' बमोजिम राहत रकम उपलब्ध गराइएको छ । प्रभावित परिवारलाई नगद सहायता तथा राहत सामग्री वितरण जारी रहेको उहाँले जानकारी दिनुभयो ।

मन्त्रालयअन्तर्गत केन्द्रीय विपद् गोदाममा रहेको राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको मागको आधारमा उपलब्ध गराइएको छ । आपतकालीन राहत, पुनःनिर्माण र पुनःस्थापनालाई प्रभावकारी बनाउने उद्देश्यले गृहमन्त्रीसहितको टोलीले विभिन्न क्षेत्रको स्थलगत अनुगमन गरी राहत र पुनःनिर्माणलाई गति दिन निर्देशन दिनुभएको प्रवक्ता तिवारीले बताउनुभयो ।

विभिन्न राजमार्गका अवरोध हटाइ वा वैकल्पिक व्यवस्था गरी सञ्चालन गर्ने प्रयास भइरहेको मन्त्रालयले जनाएको छ । लाभग्राहीको विवरण प्राप्त हुनासाथ प्रभावितलाई खाद्यान्नलगायत तत्काल गुजारा गर्न नगद र अस्थायी आवास निर्माणका लागि पहिलो किस्तावापत् रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट स्थानीय तहमार्फत उपलब्ध गराइने मन्त्रालयले जनाएको छ ।रासस

# प्रधानमन्त्री ओलीद्वारा विद्युतको क्षमता विस्तार र खपत वृद्धिको कार्ययोजनामाथि छलफल



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले विद्युत्को क्षमता विस्तार र खपत वृद्धिको लक्ष्य लिइएको ऊर्जा विकास कार्ययोजनाका विषयमा आज विभिन्न मन्त्री र उच्चाधिकारीसँग छलफल गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको छलफलमा आगामी सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाट क्षमताको विद्युत् उत्पादन गराउन कानुनी, नीतिगत, संस्थागत एवं प्रक्रियागत सुधारका साथै उत्पादन, पूर्वाधार, व्यापार र वित्तीय स्रोतको व्यवस्थापनका कार्यक्रमलाई छिटोछरितोका रुपमा अघि बढाउने निष्कर्ष निकालिएको छ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, मुख्यसचिव एकनारायण अर्याललगायत सहभागी छलफलमा ऊर्जा र सिँचाइ क्षेत्रका पूर्वाधार विकास आयोजना कार्यान्वयनमा वन, वातावरण र जग्गा प्राप्तिसँग जोडिएका समस्याको पहिचान गरी समाधानका उपायमाथि विमर्श गरिएको छ ।

बैठकमा प्रधानमन्त्री ओलीले प्रक्रियागत ढिलाइ र नीतिगत अस्पष्टताका कारण तोकिएको समयमा लक्ष्य हासिल नहुने र लागत बढ्ने स्थिति अन्त्य गर्न निर्देशन दिनुभयो । उहाँले उत्पादन बढ्दो रहेको स्थितिमा विद्युत् व्यापारमा विविधिकरण गर्दै बङ्गलादेशमा बिजुली निर्यात गर्न भारतको 'डेडिकेटेड ट्रान्समिटर लाइन' बनाउने र बङ्गलादेश हुँदै अरु मुलुकमा पनि निर्यात गराउने गरी लाग्न आग्रह गर्नुभयो ।

प्रधानमन्त्री ओलीले आयोजनाका मुआब्जा र प्रसारणलाइनका विवाद मिलाउन तथा नेपाल विद्युत् प्राधिकरणलाई औचित्यता र कार्यक्षेत्रका आधारमा व्यवस्थितरूपमा सञ्चालनमा ध्यान दिनुपर्ने बताउनुभयो । "यस क्षेत्रमा भइरहेको अनियमितता र चलखेललाई राज्यले देखेर पनि कारबाही गर्न नसक्ने स्थिति हुनुहुँदैन । शक्ति वालाले के भन्छ भनेर हाम्रो संयन्त्र चल्ने होइन,", प्रधानमन्त्री ओलीले भन्नुभयो, "शक्ति र बलका आधारमा होइन, नियम, कुनन, समयको माग र मुलुकको आवश्यकतामा चल्नुपर्छ ।"

आगामी सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट क्षमताको विद्युत् उत्पादन गराई खपत र निर्यात गरी मुलुकलाई वार्षिक रु २ दशमलव ६५ खर्ब आय हुने कार्ययोजनाको लक्ष्य रहेको छ । यसले आठ लाख ६५ हजार एक सय १८ लाई रोजगारी उपलब्ध गराउने प्रक्षेपण गरिएको छ । कार्ययोजना कार्यान्वयनका क्रममा उत्पादन, प्रसारणलाइन र वितरणका लागि करिब ४६ दशमलव पाँच अर्ब अमेरिकी डलर लागत लाग्ने अनुमान गरिएको छ । हाल मुलुकको विद्युत् क्षमता तीन हजार दुई सय ४३ मेगावाट रहेको छ ।

प्रधानमन्त्री ओलीको पहिलो कार्यकालमा २०७२ फागुन ६ गतेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दसकसम्बन्धी अवधारणापत्र र कार्ययोजना स्वीकृत भई कार्यान्वयनको आएको थियो । सोही कार्ययोजनाको जगमा विसं २०७५ जेठ १ गतेदेखि मुलुक लोडसेडिङमुक्त भएको थियो ।रासस

# साना र मझौला व्यवसायहरूलाई सशक्त बनाइने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा साना र मझौला व्यवसायको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गर्ने उद्देश्यले टिकटकले कार्यशाला सम्पन्न गरेको छ ।



टिकटकसंगको विकास भन्दै आयोजना गरिएको क्लास नामक कार्यशालाले आफ्नो व्यवसाय बढाउन टिकटक प्लेटफर्मको शक्ति कसरी प्रयोग गर्ने भनेर जान्न चाहने उत्सुक व्यवसायी, मार्केटर र उद्यमीहरूको एक विविधतायुक्त समूहलाई एकसाथ ल्याएको थियो ।

एक दिवसीय आयोजित कार्यशालामा सहभागीहरूले ब्रान्ड भिजिबिलिटी बढाउन, युवा वर्गसँग जोडिन र आफ्ना उत्पादन र सेवाहरूलाई रचनात्मक रूपमा प्रदर्शन गर्न टिकटकका अद्वितीय सुविधाहरूको लाभ कसरी उठाउने भन्ने बारे गहन प्रशिक्षण प्राप्त गरेका थिए ।

कार्यशालाले विशेषज्ञहरूको नेतृत्वमा टिकटक मार्फत् गर्न सकिने प्रवर्द्धनका विविध पक्षहरूलाई समेट्नका लागि विभिन्न सत्रहरूको श्रृंखला प्रस्तुत गरिएको थियो । सहभागीहरूलाई सो प्लेटफर्मको शक्तिशाली विषयवस्तुहरुमाथि सृजनात्मक विधि, दर्शकहरूको संलग्नताका लागि उत्तम अभ्यासहरू र टिकटक अभियानहरूलाई प्रभावकारी बनाउने रणनीतिहरूको परिचय गराइएको थियो ।

सो क्रममा सहभागीहरूलाई टिकटकको कम्युनिटी गाइडलाइन्स, प्लेटफर्ममा उपलब्ध सुरक्षा सुविधा र कन्टेन्ट मोडरेसन प्रक्रियाको बारेमा जानकारी गराउने एक विशेष सत्रको पनि आयोजना गरिएको थियो। सो कार्यशालामा टिकटकको विविध र गतिशील प्रयोगकर्ता आधारसँग प्रतिध्वनित हुने खालका कन्टेन्ट सिर्जना गर्नेबारे जानकारीमूलक र अन्तरक्रियात्मक दुवै खाले सत्रहरूको डिजाइन गरिएको थियो ।

सो कार्यक्रमले साना र मझौला व्यवसायका लागि एक बहुमूल्य नेटवर्किङ अवसर पनि प्रदान गरेको थियो किनकि सहभागीहरूले उक्त कार्यशालामा विभिन्न उद्योगका साथीहरूसँग जोडिन, अनुभवहरूबाँड्न र साझा चुनौती र समाधानका बारेमा छलफल गरिएको थिए ।

डिजिटल युगमा फस्टाउनका लागि आवश्यक पर्ने उपकरण र स्रोतहरू उपलब्ध गराएर विश्वभरका साना व्यवसायलाई सशक्त बनाउने टिकटकको फराकिलो प्रतिबद्धताको एक हिस्सा रहेको छ । साना तथा मझौला व्यवसायको क्षेत्रले नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले पनि टिकटकले यसलाई प्रबर्धन गरेर नेपालको विकास यात्रामा आफू प्रमुख साझेदार बन्ने लक्ष्य राखेको जनाइएको छ ।

# 'तीर्थाटन पर्यटन' कीर्तिमानी खनाललाई 'एसिया बुक अफ रेकर्डस'

काठमाण्डु । दक्षिण एसिया र चीनका गरी ४५० तीर्थस्थल एक वर्षभित्र भ्रमण-दर्शन गर्नुभएका नेपालका शान्तिमैत्री अभियानकर्मी प्रदीप खनाललाई 'एसिया बुक अफ रेकर्डस' ले सम्मान गरेको छ । संस्थाले ' तीर्थाटन पर्यटन' मा कीर्तिमान राखेबापत अन्तरराष्ट्रिय मैत्री समाज नेपालका अध्यक्ष खनाललाई यही असोज १६-१७ गते आयोजित 'इन्टरनेसनल कन्भोकेसन-२०२४' मा ट्रफी र सम्मानपत्र प्रदान गरेको छ ।

भारतका पूर्वसङ्घीयमन्त्री अश्विनी चौबेले नेपाल, भारत, भियतमानलगायत एसियाका विभिन्न विधाका १५ कीर्तिमानीका साथ खनाललाई सो सम्मान गर्नुभएको थियो । सोही अवसरमा 'इन्डिया बुक अफ रिकर्डस' ले पनि 'बुद्ध इन्टरनेसनल ट्रस्ट' बेलायतका दुई संस्थापकमध्येका एक खनाललाई भारतलगायत एसिया आदिका सय कीर्तिमानीसँगै ' हन्ड्रेड टप रिकर्डस अफ द एयर' सम्मान दियो ।

डा एपिजे अब्दुल कलाम फाउन्डेसनका कोलकाताका अन्तर्राष्ट्रिय सल्लाहकार



खनालले विसं २०८० असारदेखि २०८१ असारसम्म गरी भारत, महाराष्ट्र, सिरडीकी विनिता लेप्चा र मध्यप्रदेश, इन्दौरका मङ्गेश भागवतका साथ नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का र तिब्बत, चीनका चार धाम, चार आदिशक्तिपीठ, १८ महाशक्तिपीठ, ५२ शक्तिपीठ १०८ सिद्धपीठ, सप्तपुरी, शिखधर्मका ११ गुरुद्वारा र बौद्धधर्मका १३ तीर्थस्थल भ्रमण, दर्शन, पूजापाठ गर्नुभएको थियो ।

साथै उहाँले तिब्बतको कैलाश मानसरोवरदेखि भारतका तामिलनाडुका तीन सागरकोसङ्गमस्थलकन्याकुमारी), अरुणाचलको परशुराम कुण्ड तथा पाकिस्तान, बलुचिस्तानस्थित हिङ्गलाज माता मन्दिरको अनिल कुण्डलगायत २३ कुण्ड, तलाउ, नदी र नदीका मुहानमा डुबुल्की पनि लगाउनुभएको थियो ।

भारतका पूर्वमन्त्री चौबेले करिब ५०० तीर्थस्थलको दर्शन गर्ने खनाललगायतलाई सम्मान गर्न पाएकामा आफू गौरवान्वित भएको बताउनुभयो । "मैले आफूले कुनै कीर्तिमान राख्नका लागि नभई विश्व शान्ति, मैत्री र सद्भाव कायम होस् भन्ने पवित्र कामना गरी यो भ्रमण गरेको हुँ, काम गर्दै जाँदा कीर्तिमान आफैँ कायम हुँदै जाँदो रहेछ, यो सम्मान सबै शान्तिकामी नेपालीको पनि हो ", कामपा-१४ कलङ्कीका खनालले भन्नुभयो ।

आफ्नो सफल तीर्थाटनपछि तीर्थयात्री खनालले नेपालका सभामुख, पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पशुपतिनाथ मन्दिरका मूलभट्ट, विभिन्न दलका नेता, पूर्वमन्त्री, सञ्चारकर्मी तथा भारतका पूर्वप्रधानमन्त्री एचडी देवेगौडा, गोवर्द्धन पीठका जगत्गुरु शङ्कराचार्य अध्योक्षानन्दलगायतलाई भेटी जलप्रसाद वितरण गरिसक्नुभएको छ ।रासस

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा स्वदेशी र विदेशी जलविद्युत् कम्पनी तथा वित्तीय संस्थाको सहयोग



काठमाण्डु । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा स्वदेशी र विदेशी जलविद्युत् कम्पनी तथा वित्तीय संस्थाहरूले सहयोग रकम प्रदान गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई ती कम्पनी तथा वित्तीय संस्थाहरूले सहयोग रकम हस्तान्तरण गरेका हुन् । छिमेकी भारतको सबैभन्दा ठूलो जलविद्युत् कम्पनी राष्ट्रिय हाइड्रोपावर कर्पोरेसन (एनएचपिसी) लिमिटेडका वित्त निर्देशक आरपी गोयलबाट रु एक करोड, अरुण तेस्रो जलविद्युत् आयोजना लिमिटेडका प्रमुख कार्यकारी निर्देशक प्रशान्त शर्माबाट रु एक करोड, प्रभु बैङ्कका अध्यक्ष देवीप्रसाद भट्टचनबाट रु एक करोड र प्राइम कमर्सियल बैङ्कका अध्यक्ष राजेन्द्रदास श्रेष्ठबाट रु ३१ लाखको चेक हस्तान्तरण गरिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

यसैगरी, प्रभु इन्सुरेन्स लिमिटेडका अध्यक्ष राजेन्द्र मल्लबाट रु २५ लाख, प्रभु महालक्ष्मी लाइफ इन्सुरेन्सका अध्यक्ष शिक्षा भट्टचनबाट रु २५ लाख र प्रभु क्यापिटलका अध्यक्ष एलपी भानु शर्माबाट रु २५ लाखको चेक प्रधानमन्त्री ओलीलाई हस्तान्तरण गरिएको छ । सहयोग रकम बुझ्नुहुँदै प्रधानमन्त्री ओलीले हालैको बाढीपहिरो र डुबानबाट प्रभावितलाई राहतका लागि कोषमा सहयोग गरेकामा सम्बद्ध सबैलाई धन्यवाद दिनुभयो ।रासस

# बस दुर्घटनामा परी दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

सिन्धुली । काठमाण्डुबाट भोजपुरतर्फ जाँदै गरेको यात्रुवाहक बस सिन्धुलीमा दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

मदन भण्डारी राजमार्गअन्तर्गत सिन्धुलीको हरिहरपुरगढी-५ स्थित द्धारेखोलामा सोमबार दुर्घटना हुँदा २ जनाको घटनास्थलमै मृत्यु भएको सिन्धुली प्रहरीले जनाएको छ । वागमती प्रदेश ०१-००६ ख ६७८५ नं रोयल भोजपुर यात्रुवाहक बसमा ४० भन्दा बढी यात्रुहरू सवार थिए ।

घाइतेहरूको मरिण गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा उपचार भएको छ भने केहीलाई सिन्धुलीस्थित अस्पतालमा उपचार भइरहेको छ ।

## तपाईको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| वृष | : धन वृद्धि सञ्चय । |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधाम उद्योग वाणिज्य संघको आयोजनामा जनकपुरधामको गोपाल धर्मशालामा लगाइएको सस्तो बजारमा उपभोक्ताहरुको भिड । *तस्विर : संजय कुमार यादव*

# मधेसमा चाडपर्व लक्षित सुरक्षा योजनामा छ हजारभन्दा बढी प्रहरी परिचालन

महोत्तरी । चाडपर्वलाई सुरक्षित बनाउनका लागि मधेसमा पर्वलक्षित सुरक्षा योजनामा छ हजारभन्दा बढी प्रहरी जनशक्ति परिचालन गरिने भएको छ । दसैँ, दीपावली (तिहार) र छठ पर्वसम्मको सुरक्षा योजना बनाएको नेपाल प्रहरीको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामले यस अवधिमा छ हजारभन्दा बढी प्रहरी जनशक्ति परिचालन हुने जनाएको हो ।



चाडपर्वमा भीडभाड बढ्ने र मान्छेको व्यस्तताबीच चोरीतस्करी, सडकमा हुने सवारीको चाप, मठमन्दिरमा हुने भीड, कालोबजारी, जुवातास, पकेटमारी र मूर्ति विसर्जनलगायत क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको मधेस प्रहरी कार्यालयका प्रमुख तथा नायब प्रहरी महानिरीक्षक लीलामणि आचार्यको भनाइ छ । यसैगरी, सुरक्षा योजनामा मेला उत्सव, सरकारी कार्यालय, बैङ्कहरुमा हुने भीड, यातायात सुरक्षा, लागुपदार्थ दुर्व्यसन तथा ओसारपसार तथा सांस्कृतिक कार्यक्रममा हुनसक्ने झडपसहितका क्षेत्र मधेस प्रहरीले चुनौतीका रुपमा पहिचान गरिएको छ ।

मधेस प्रहरी कार्यालयले चाडपर्व लक्षित गर्दै बनाएको योजना यही असोज १५ गतेदेखि सुरु भइसकेको छ । यो योजना छठ पर्वपछि कात्तिक २५ गतेसम्म रहने नायब प्रहरी महानिरीक्षक आचार्यले स्पष्ट पार्नुभयो । प्रदेशका आठवटै जिल्लामा पहिले कार्यरत जनशक्तिमा प्रतिजिल्ला एक हजार चार सय प्रहरी थपिएका मधेस प्रहरी कार्यालयले जनाएको छ । यसरी खटिने प्रहरीको सङ्ख्या छ हजार तीन सय ९४ हुने जनाइएको छ ।रासस

# बाढी प्रभावित क्षेत्रमा शुद्ध खानेपानी अभाव



राजविराज । केही दिन अगाडिको बाढीले घरविहीन भएका यहाँका बाढीपीडितलाई शुद्ध खानेपानीको अभाप भएको छ । खानेपानी अभाव र हिलाम्मे घरमा बस्नुपर्ने बाध्यताले उनीहरु समस्यामा परेका छन् ।

कङ्कालिनी नगरपालिकाका स्थानीय बोकाइ सदाले यहाँ शुद्ध खानेपानी नभएकाले अधिकांश बाढीपीडित बिरामी पर्न थालेको बताउनुभयो । शुद्ध खानेपानीको अभावमा दूषित पानी पिउँदा रुघाखोकी, ज्वरो, बान्ता र झाडापखाला जस्ता लक्षणसहित बिरामी परेको उहाँले बताउनुभयो ।

कोशी बाँधमा बसेका बाढीपीडितले कोशीको पानी र ट्यूबेलको पानी खाने गरेका छन् । पानीकै कारण बिरामी परेको हुनसक्ने अनुमान गरिएको छ । सदाले भन्नुभयो, “बच्चा बिरामी छ घरको खाद्यान्न नष्ट हुँदा खाने कुरा छैन । चर्को घाममा खुला ठाउँमा बसेका छौँ ।”सोही ठाउँका अर्का बाढीपीडित भागवत मुखियाले यस क्षेत्रमा स्वास्थ्यकर्मीको टोली आइनपुगेको बताउनुभयो । खाद्यान्न सबै नष्ट भएको र राहत सामग्री वितरणमा भेदभाव हुँदा पीडित झन समस्यामा परेको उहाँको गुनासो छ । “बाढी पीडितका लागि राहत सामग्री स्वरुप हालसम्म मुरै, चिउरा र चाउचाउबाहेक केही पाइएको छैन”, उहाँले भन्नुभयो ।

स्थानीय बाढीपीडित परवेज आलमले धान काट्ने बेलामा आएको बाढीले धान र घरविहीन बनाएको बताउनुभयो । धानबालीमा क्षति गरेका हुँदा एक वर्षका लागि भोकै बस्नुपर्ने अवस्था आएको उहाँले गुनासो पोख्नुभयो । उहाँले तीनै तहका सरकारलाई सहयोगको याचना गर्नुभयो ।कोशी नदी र जीता खोलाको बाढीका कारण हनुमाननगर कंकालिनीका सयौँ बाढीपीडितको विचल्ली भएको छ । हनुमाननर कंकालिनी नगरपालिकाका नगरप्रमुख वीरेन्द्र माझीले स्थानीय सरकारले बाढीपीडितका लागि शुद्ध खानेपानी, समयमा उपचार र राहत सामग्री वितरण गरिरहेको बताउनुभयो ।

तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेशकुमार झाका अनुसार तिलाठी कोइलाडी गाउँपालिकाको वडा नं. ३, ४, ५ र ७ वडामा पानी पसेपछि स्थानीय समस्यमापरेका छन्।बाढीपीडितका लागि गाउँपालिकाको समन्वय तथा युनिसेफको सहयोगमा सबल नेपाल नामक संस्थामार्फत दुई सय ५२ परिवारलाई राहत सामग्री स्वरुप ‘हाइजिन किट’, पानी खानका लागि मग, डोल र झुललगायत वितरण गर्ने तयारी गरिएको उहाँले जनाकारी दिनुभयो ।रासस

# मिथिला क्षेत्रकै ऐतिहासिक मन्दिर सोनासती माईमा श्रद्धालु भक्तजनको धुइँचो

जलेश्वर । महोत्तरी जिल्लाको औरही नगरपालिका-७ भोइल गाउँमा अवस्थित सोनासती महारानीको मन्दिर सोनामाई मन्दिरका नामले प्रख्यात रहेको छ । साक्षात भगवती सोनासतिमाईलाई मिथिला क्षेत्रकै भगवती मन्दिरमध्ये महत्वपूर्ण एवं चर्चित धार्मिकस्थलको रुपमा लिने गरिन्छ ।

बर्दिबास-जलेश्वर सडकखण्डको ठीक बीचमा रहेको यो मन्दिर जिल्ला सदरमुकाम जलेश्वरदेखि २३ किलोमिटर उत्तरमा पर्दछ । सोनामाई मन्दिर विशेषगरी भूत, प्रेत, पिसाच, दुष्ट आत्मा तथा बोक्साबोक्सीद्वारा सताइएका व्यक्तिलाई झारफुक एवं तान्त्रिक विधिद्वारा निको पार्ने तथा सन्तान नभएकालाई सन्तान प्राप्त हुने धार्मिकस्थलको रुपमा विख्यात रहेको पूजारी कामेश्वर झा बताउनुहुन्छ । यहाँ प्रत्येक वर्ष बडादसैँको अवसर पारेर ठूलो भूत मेला पनि लाग्ने गर्छ । दसैँको १० दिन यहाँ सोनासति महारानी साक्षात् विराजमान रहने गरेको जनविश्वास रहेको अर्का पूजारी रमेश झाले बताउनुभयो ।

यहाँ भाकल गरे मनोकांक्षा पूरा हुने जनविश्वास रहेकाले यहाँ दैनिकजसो पूजापाठ, आराधना, दर्शन तथा बलि दिन भक्तजनको घुइँचो लाग्ने गर्दछ । यस सोनासती महारानीको उत्पतिको सन्दर्भमा करिब पाँच सयवर्ष पहिले हाल मन्दिर रहेको क्षेत्र पूरै घनाजङ्गल रहेको र त्यस जङ्गलमा गाई, भैंसी चराउन जिल्लाको पश्चिमी तथा दक्षिणी भेगबाट मानिस समूह बनाएर आउने र रातिको बास जङ्गलमै बस्ने गर्दथ्यो ।

सोही क्रममा एक दिन वस्तुभाउ चरिरहेकै अवस्थामा पाँचवटा भैंसी एकैसाथ हरायो । चरवाहाहरुले भैंसी खोज्दै जाँदा हाल मन्दिर रहेको क्षेत्रमा पुग्दा सोनासती महारानी मानवको रुपमा प्रकट भई आफ्नो परिचय दिंदै ‘भैंसी आफूसँग रहेको बताउनुभयो । उहाँले मलाई दैनिक पूजापाठ, साँझ आरती गरे मात्र भैंसी दिने नत्र नदिने’ शर्त राखेपछि चरवाहाहरुले महारानीको शर्त स्वीकार गरे र सोही दिनदेखि त्यहाँ सोनासति माईको पूजाआजा, पाठ, आरती हुँदै आएको तत्कालीन पूजारी माझी झाको भनाइ किम्बदन्तीको रुपमा रहेको उनका सन्तति पूजारी झगरु झा बताउनुहुन्छ ।



अर्को प्रसङ्गमा पूजारी माझी झाकोमित्र माझी चौधरी बिना कसुर वीरगञ्ज जेलमा थिए र उहाँले जेलबाटै सोनासती महारानीको मन्दिर बनाइदिन्छु भनि भाकल गर्दा जेलमा कसैलाई जानकारी नभइ उनी जेलबाट निस्केको कहानीसमेत स्थानीय बुढापाका बताउँछन् । सोनामाइकै नाम स्मरण गर्दा जेलबाटमुक्त भएका चौधरीले मन्दिर बनाइ दिएपछि त्यसमा माताको प्राणप्रतिष्ठा गराई पूजापाठ हुन थालेको अर्का पूजारी घनश्याम झाको कथन छ ।

यसैबीच मन्दिर निर्माण हुनुपूर्व यहाँ कहचरिया स्थान भन्ने एउटा धेरै पुरानो सिसौको रुखको टोड्कामा सोनासती महारानीको बास रहने गरेको स्व पूजारी राजेन्द्र झा ९बन्ठु० को भनाइ पनि सुनिन्छ । केही वर्षपछि पूजारीले कहचरिया स्थानबाट मूर्तिल्याई हाल मन्दिर रहेको स्थानमा माटोको घर बनाई दैनिक पूजापाठ गर्न थाल्नुभएको थियो । देशकै धार्मिक एवं ऐतिहासिक धरोहरहरुमध्येको यो मन्दिर पनि एउटा शक्तिपीठ हो । यहाँ विशेष गरी दसैँमा नेपाल तथा छिमेकीमुलुक भारत समेतको मिथिला क्षेत्रका लाखौं श्रद्धालु भक्तजन सहभागी हुने गर्दछन् ।

घटस्थापनादेखि विजयादशमीसम्म यस मन्दिरमा हर्षोल्लास र धुमधामका साथ विशेष पूजाआरधना हुनुको साथै ठूलो भूत मेला लाग्ने गर्दछ । यस मन्दिरमा कतिले त सुन चाँदीका गरगहना, लत्ताकपडा, मुकुट, गेरुवा आदि पनि चढाउने गर्छन् भने कतिले विभिन्न आकारका घण्टीसमेत चढाउने गर्छन् ।

दसैँको पहिलो दिन अर्थात घटस्थापनाको दिन बिहान सबेरै पूजारीको घरबाट बाजागाजा (ढोल पिपही) को साथ सबै पूजारी सामेल भई ‘डाला’ (धुप, दीप, अक्षता, कलश, नैवेध्य, रातो कपडा, खर्ग आदि) मन्दिरमा लगेपछि जमरा राखिन्छ । यसै दिनदेखि नवरात्रा आरम्भ हुन्छ । द्वितीयादेखि षष्ठीसम्म ठूलो संख्यामा भक्तजन आउने पूजापाठ गर्ने, दर्शन गर्ने, मिठाइ, फलफूल मातालाई चढाउने तथा बोका, परेवाको बलि दिने गरिन्छ । सप्तमीको दिन विभिन्न ठाउँ (विरता, दोलाठी)बाट आएको फूलपाती मन्दिरमा भित्र्याइन्छ ।

त्यस्तै अष्टमीको दिन नशा पूजा हुन्छ र सो रातमा धूपदीप, नैवेद्य, फलफूल, चुरा, सुन, चाँदी चढाइ मन्दिरभित्रै बोका बलि दिइन्छ । राजदेवीलाई भने कुभिन्डोको बलि दिइन्छ भने माताको जीउभरि घीउ र सिन्दुर लगाई नयाँ कपडा लगाउने चलन छ ।महानवमीको दिन करिब एक सय ५० राँगाको बलि हुन्छ । विजयादशमीको दिन पुनःमाता सोनासतीको डाला मन्दिरबाट बाजागाजाको साथ पूजारीको घरमा लगेर राखेपछि मेलाको समाप्ति भएको मानिन्छ । यसै दिन यस वरपरका भोइल, टिमकिया, औरही, चेपकट, श्रीपुर, मेघनाथ गोरहन्ना गाउँका बासिन्दा खुसीले लड्डु, मिठाइ, पेडा, खुवा, जिलेवी आदि चढाएर आपसमा प्रसाद बाँड्ने गर्दछन् ।

चौथीदेखि अष्टमीसम्म करिब पाँचसयको संख्यामा आफूलाई भूत, प्रेत, पिसाच, दुष्ट आत्मा र बोक्साबोक्सीद्वारा सताएको ठानिएका व्यक्ति गाउँको चारैतिरको सीमा क्षेत्रमा प्रवेश गर्दा उक्त व्यक्ति रुँदै, कराउँदै, दौडदै यहाँ अवस्थित राजदेवीमाईको खुट्टानिर लडने गर्दछन् । यहाँका पूजारीले उनीहरुलाई तन्त्रमन्त्रद्वारा बाँध्ने तथा भूत, प्रेत, तथा बोक्साबोक्सीबाट मुक्ति दिलाउने गर्दछन् ।

सोनासती महारानीको मन्दिर सोनामाई स्थानको नामले प्रचलित छ भने यस मन्दिर परिसरमा गणेश, राजदेवी, सरस्वती आदि देवीदेवताको मूर्ति पनि रहेको छ । मन्दिर परिसरमा रहेको तपसी बाबाको धुनीमा वर्षभरि नै आगो बलिरहन्छ । धार्मिक एवं ऐतिहासिक महत्व बोकेको सोनामाइको मन्दिरको संरक्षण र सम्बर्द्धन गरी पर्यटकीय रुपमा विकास गर्न सकिने स्थानीयवासीको भनाइ रहेको छ ।रासस

# दसैं बजार : वारि सुनसान, पारि भीडभाड

वीरगञ्ज । नवरात्र सुरु भएसँगै वीरगञ्जको सीमावर्ती बजार रक्सोलमा चहलपहल बढेको छ । वीरगञ्ज आसपासका सर्वसाधारण दसैँको किनमेल गर्न गएसँगै त्यहाँको बजार चलपहल बढेको हो । तर स्वदेशी बजार वीरगञ्ज भने किनमेलमा सुनसानजस्तै देखिन्छ ।

सडक र फुटपाथमा फलफूल, जेरी र बच्चाका खेलाना बेच्ने मौसमी व्यापारीको भीडभाड देखिए पनि अन्य ‘सपिङ सेन्टर’हरू सुनसानजस्तै देखिन्छन् । वीरगञ्ज महानगरपालिका-९ घण्टाघरका मुन्ना ठाकुर वीरगञ्जमा भन्दा रक्सोल बजारमा २० देखि ३० प्रतिशत खाद्यान्न र लत्ताकपडा सस्तो हुने भएकाले प्रायःजसो सबै उतै खरिद गर्न जाने बताउनुहुन्छ ।

“वीरगञ्जमा भन्दा रक्सोलमा खाद्यान्नदेखि लत्ताकपडा सस्तो हुने भएकाले उतै जाने गर्छौं, यहाँ त गाह्रोसारो परेका बेलामात्र हो किनमेल गर्ने त”, उहाँले भन्नुभयो । वीरगञ्जमा भन्दा सीमावर्ती बजार रक्सोलमा खाद्यान्न र लत्ताकपडालगायत सामान सस्तो मूल्यमा पाइने भएकाले पनि यहाँको बजारमा खासै चहलपहल देखिन्न ।

नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य सुबोधकुमार गुप्ता चाडपर्वका बेलामा पनि वीरगञ्जको भन्दा रक्सोलको सीमावर्ती बजारमा नै भीडभाड हुने बताउनुहुन्छ । “यहाँका अधिकांश सर्वसाधारण खाद्यान्न र लत्ताकपडालगायत सामान खरिद गर्न



रक्सोल जाने गर्छन्”, उहाँले भन्नुभयो, “वीरगञ्जमा भन्दा सस्तो मूल्यमा पाइने भएकाले पनि रक्सोल सधैँ गुल्जार भइरहने, वीरगञ्ज भने सुनसानजस्तै हुने परिपाटीको विकास हुँदै आइरहेको छ ।”


केन्द्रीय सदस्य गुप्ता सरकारले भारतबाट आयातित वस्तुमा अत्यधिक मात्रामा कर लगाउँदा पनि अवैध ढङ्गले चोरी, तस्करी गरेर सामान भित्रिने प्रवृत्ति बढेको बताउनुहुन्छ । “खुला सीमाको कारणले एकातर्फ क्यारिङ गरेर भन्सार छली गरेर सामान भित्र्याउने प्रवृत्ति पनि रोकिएको छैन । अर्कातर्फ सीमावर्ती बजारबाट सर्वसाधारणले दैनिक उपभोग्य सामान पनि खरिद गर्दै आइरहेका छन्”, उहाँले भन्नुभयो, “सरकारले भन्सार महसुलदर सीमावर्ती बजारभन्दा १०-१५ प्रतिशतमात्र फरक गराउने हो भने अवैध रूपमा भित्रिने वस्तु तथा सामानको आयात रोक्न सकिन्थ्यो ।”

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछाने सीमावर्ती क्षेत्रका सर्वसाधारणलाई दैनिक उपभोग्य वस्तु तथा सामानबाहेक अन्य वस्तु तथा सामान ल्याउन कडाइ गर्दै आइरहेको दाबी गर्नुभयो । “पहिलाभन्दा अहिले धेरै सुधार भइसकेको छ”, उहाँले भन्नुभयो, “पछिल्लो डेढ महिना क्यारिङबाट सामान ओसारपसार गर्नेमा कमी आएको छ ।”

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्षको असोज १५ गतेसम्मको अवधिमा रु ४३ अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा सो अवधिसम्म कुल लक्ष्यको ७४ दशमलव ४७ प्रतिशत अर्थात् रु ३२ अर्ब ५४ करोड ५५ लाख राजस्व सङ्कलन भइसकेको छ । असोजभरिमा रु १७ अर्ब ४२ करोड लक्ष्य राखिएकामा असोज १५ गतेसम्मको अवधिमा भने रु छ अर्ब ९५ करोड राजस्व सङ्कलन भइसकेको छ ।

भन्सार विभागले सुक्खाबन्दरगाह भन्सार कार्यालयलाई असोजका लागि मात्र रु चार अर्ब ८३ करोड २० लाख ४८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । तर असोजका १५ दिनका अवधिमा मासिक लक्ष्यको ४८ प्रतिशत राजस्व सङ्कलन गरिसकेको छ । सुक्खाबन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले दसैँमा विदेशी मदिराजन्य पदार्थको आयात भएसँगै राजस्व सङ्कलन उत्साहजनक रहेको बताउनुभयो ।रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

# दुर्गा पूजाको छैटौ दिन कात्यायनीको पूजा

दूर्गा पुजनोत्सवको क्रममा छैटौ दिन माता कात्यायनीको पूजा गरिन्छ । कात्य गोत्रमा विश्व प्रसिद्ध महर्षि कात्यायनले भगवती पराम्बाको उपासना गरे ।

पुत्री लाभका लागि उहाँले कठिन तपस्या गर्नुभयो । उहाँको कठोर तप एक दिन सफल भयो ।माता भगवती उहाँको घरमा पुत्रीको रुपमा जन्म लिनु भयो । त्यसकारण उहाँ कात्यायनीको रुपमा विख्यात हुनु भयो ।

महर्षि कायत्यायनको घरमा अवतरित देवी नै कात्यायनी रहेको धर्मग्रन्थहरुमा उल्लेख छ ।

नवरात्रीमा छैटौ दिन पुजा गरिने देवी कात्यायनी अत्यन्त दयालु मानिन्छ ।

उहाँको उपासना र आराधनाले भक्तहरुलाई बहुत



*चंद्रहासोज्ज्वलकरा शार्दूलवरवाहना ।
कात्यायनी शुभं दद्याद्देवी दानवघातिनी ॥*

सहज ढंगले अर्थ, धर्म, काम र मोक्ष चारवटै फलको प्राप्ति हुन्छ । भक्तहरुको रोग, शोक, संताप र भय नष्ट हुन्छ । उहाँको भक्ती अराधनाले सम्पूर्ण पाप नष्ट हुन्छ ।कात्यायनी माताको कृपाले साधकलाई सबै प्रकारको शान्ति र वैभव प्राप्त हुन्छ ।

उहाँको गुण शोध कार्य हो। त्यसकारण वर्तमान वैज्ञानिक युगमा कात्यायनीको महत्व सर्वाधिक बढी हुन्छ । उहाँको कृपाले नै सम्पूर्ण कार्य पुरा हुन्छ । माता कात्यायनी वैद्यनाथ नामक स्थानमा प्रकट भै पुजिएकी हुन् । माता कात्यायनी अमोघ फलदायिनी हुन् । भगवान कृष्णलाई पतिको रूपमा प्राप्त गर्न ब्रजका गोपिनीहरुले उहाँकै पुजा गरेका थिए ।

यो पूजा कालिंदी यमुनाको घाटमा गरिएको थियो ।त्यसै कारण उहाँ ब्रजमंडलको अधिष्ठात्री देवीको रूपमां प्रतिष्ठित हुनभएको छ । उहाँको स्वरूप अत्यंत भव्य र दिव्य हो । यो स्वर्ण को समान चम्किलो र भास्वर हो । उहाँ चार भुजाधारी हुनुहुन्छ ।उहाँको चार हात मध्ये दाहिने तर्फको माथिल्लो हात अभयमुद्रमा छन् ।

दाहिने तर्फको तलको हात वर मुद्रामा रहेको छ ।माता कात्यायनीको बायाँ तर्फको माथिल्लो हातमा तलवार सुशोभित छ ।बायाँ तर्फको तलको हातमा कमलको पुष्प सुशोभित छ ।

माता कात्यायनीको पूजा उपवासले परमपदको प्राप्ति हुन्छ ।

त्यसलै भनिन्छ , उहाँको उपासना र आराधनाले साधक,भक्तहरुलाई बहुत सहज ढंगले अर्थ, धर्म, काम र मोक्षको प्राप्ति हुन्छ ।

माताको कृपाले शोक, सन्ताप र भय नष्ट हुन्छ ।मानव जन्मको सम्पूर्ण पाप नष्ट हुन्छ ।

## सम्पादकीय

# राहत दिन सरकार उदासीन

मधेश प्रदेशमा वर्षा र बाढीबाट पीडितहरुले हालसम्म प्रदेश सरकारबाट राहत पाउन सकेको छैन । मन्त्रीहरु नदी र प्रभावित क्षेत्रको दौडाहा गरेर भत्ता बनाए । तर पीडित परिवारहरुका लागि मन्त्रीको दौडाहा पनि अभिशाप नै भयो । प्रदेश सरकारका मन्त्रीहरु प्रभावित क्षेत्रमा पुगेपछि स्थानीय तहले समेत राहत आउने आशमा सहयोग बन्द गरे । मधेश प्रदेश सरकारसित आफ्नो संयन्त्र मार्फत हालसम्म क्षतिको विवरण समेत आउन सकेको छैन । संघीय सरकार मातहत रहेको प्रहरी र प्रशासन मार्फत राहत नपठाउने भन्दै कमिसन खान पल्केका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले प्रहरीकै तथ्यांक अनुसार पनि पीडित परिवारलाई राहत उपलब्ध गराएको भए हुने थियो । विपत्मा परेका बेला प्रदेश सरकार राहत दिन समेत उदासीन देखिएको छ । पालिकाहहरुले आफ्नो तहबाट तत्काल प्रभावितलाई राहत उपलब्ध गराए पनि प्रदेश सरकार गोष्ठी र सेमिनार गर्दै भत्ता खान व्यस्त छ । वर्षा र बाढीबाट कयौँ वस्तीका बासिन्दाहरु विस्थापित भएका छन् । उनीहरु घरमा रहेका अन्न, लत्ताकपडाहरुसमेत क्षति भएको छ । तर प्रदेश सरकारले भत्ताकै लागि धनुषा जिल्ला भन्दा बाहिर गोष्ठी गर्छ । गृह, सञ्चार तथा कानुन मन्त्रालयमा दैवी प्रकोपमा परेकाहरुलाई उद्धार र राहतका नियमित बजेटमा नै ८ करोड रुपैयाँ विनियोजन गरिएको छ । जिल्ला दैवी प्रकोप उद्धार समिति मार्फत तत्काल नै प्रकोप पीडितहरुलाई राहत उपलब्ध गराउन सरकारले बजेट पठाउने गरेको थियो । त्यसरी बजेट पठाउँदा सरकार कमिसन लगायतको विवादमा पर्ने गरेको थिएन । तर मन्त्री लेखीले कमिसन पाउने गरी आफै बजेट खर्च गर्ने उपायको खोजीमा लागेका छन् । नेकपा एमालेबाट मन्त्री बनेका लेखीले कमिसनका लागि मरिहत्ते गरेको आरोप मन्त्रालयका कर्मचारीहरुबाट समेत लाग्ने गरेको छ । सरकारको प्रमुख दायित्व नै पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउनु हो । तर सरकार त्यस दायित्वबाट विमुख भएको छ । जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सतीशकुमार सिंहले भाषण बाहेक जनतालाई अनुभूति हुने काम गरेको छैन । सिंहको नेतृत्वमा सरकार गठन भएको साढे तीन महिनाभन्दा बढी भइसकेको छ । पीडाको बेला पनि पीडितको आँगनसम्म प्रदेश सरकार पुग्न सकेको छैन । अन्न, पिउने पानीलगायतका अत्यावश्यक सामग्रीको अभावमा पीडित परिवारहरु दिन काटिरहेका छन् । बडा दशैँको मुखमा पीडित परिवारलाई सरकारले उपेक्षा गर्नु हुँदैन ।

# उत्सव : बहुआयामिक दृष्टिकोण



**रोशन जनकपुरी**

दशैँमा स्पीकरहरुमा बज्ने सबैभन्दा गीत दुईवटा छन् । एउटा देवी भागवत्को श्लोक हो : 'या देवी सर्वभूतेषु, मातृरुपेण संस्थिता' र अर्को झिझिया लोकगीत : 'तोहरे भरोसे बढम बाबा झिझिया बनेलियै हो ।'

दशै पहिलो नजरमा नारी सौर्यको अभ्यर्थनाको रुपमा व्याख्या गरिन्छ । धर्मभीडू हिन्दु समाजले दशैँलाई शक्ति संस्कृतिको भव्य सौन्दर्यको रुपमा प्रचारित गर्छ । नौदिनसम्म देवीको विभिन्न रुपहरुको पूजा, अन्तिम दिन सिंहवाहिनी दुर्गाको भव्य जात्रा, (पहाडिया हिन्दुमा त कोजाग्रत पुर्णिमासम्म टीका लगाउने चलन हुन्छ), दशैको बेला देश विदेशमा रहेका आफन्तजनहरु घर फर्केकोमा गाउँ समाजमा घना हार्दिकता, तराईमधेशका शहरबजार, गाउँघरमा झिझिया, मञ्चीय नाटक, नौटंकी आदि गीत संगीत र नाट्य कार्यक्रम, देवीमन्दिर र थानहरुमा बली प्रदान गरेर घरघरमा मासु, च्युरा (शाकाहारीले खीर, लड्डू लगायत मिष्टान्न र स्वादिलो पक्वान्न)को खुशी र उल्लास सबैतिर हुन्छ । अब त बजारको चतुर योजनामा दशैमा देवीमाथी चढाउने तपाओन (देसी ठर्रा रक्सी)को सेवनसंगै, ब्रान्डेड विदेशी मदिरा, बियर, कोकलगायत विविध महँगा पेय पदार्थहरुको 'पार्टीनाइट' पनि सामेल भएका छन् । शहर बजारहरुमा करोडौँ लाखौँको भव्य सजावट र मेलाहरुले दशैँलाई करौँडौं करोडको व्यवसाय हुने दशैँ बजार उत्सवको रुपपनि दिएको छ ।

केही वर्षेदेखी चुनरी, नरिवल, मिठाई र देवीगीतको एल्बम बजारपनि फस्टाएको छ । यस देवीगीतको बजारले भने पारम्परिक झुमर र भगतै जस्तो लोकधुन, लोकगीत र लोकगाथा गायनलाई भने ओझेलमा पार्दै गएको छ । अहिले देवीगीतको रुपमा बजारमा देखिने एल्बमहरुमा ९५प्रतिशत बलिउडिया सिनेमा गीतका प्यारोडी हुनेगर्छन् । यसमध्ये कयौँ त लोकप्रिय अश्लील गीतको समेत प्यारोडी हुनेगर्छ । तर यसलाई धर्मभीडूहरुमा धार्मिक उन्माद नै भन्नु पर्छ कि ती प्यारोडी भजनहरु पटक पटक बजारमा चलिरहन्छ । केही वर्षदेखी भाषिक र सांस्कृतिक पहिचानको आन्दोलनको प्रभावको कारण भने क्षेत्रीय र मातृभाषाका (केही मौलिक र अधिकांश प्यारोडी) गीतहरुको संख्यामा पनि वृद्धि भएको छ । तात्पर्य के छ भने, पारम्परिक सहज र शान्त दशैँलाई बजार र नाफाको आकर्षणले खर्चिलो भव्य र हो हल्लामय बनाउँदै गएको छ ।

अचेल ठेठ झिझिया लोकगीत र नाचमा पनि बलिउडिया गीत र संगीतको फ्युजन र प्यारोडी सुनिन र देखिन थालेको छ । झिझियाको लोकप्रियता व्यापक हुँदै गएपछि अब झिझिया नाचगर्ने व्यावसायिक टीमहरु अस्तित्वमा देखिन थालेका छन्, जो ठेक्कामा गाउँ बजारमा समेत मञ्चमा अबेर रातीसम्म नाच्ने गाउने गर्छन् । यसले एकातिर आर्थिक उपार्जनको नयाँ ढोका खोलेको छ, भने अर्कोतिर लोककलाको स्वरुपलाई विकृतपनि पारिरहेको छ । विशेषगेरर आस्थाबाट प्रेरितभएर झिझिया नाच्ने महिलाहरुको ठेठ गायन र प्रदर्शन ओझेलमा पर्दै गएको देखिन्छ । बजार, भव्यता, व्यावसायिक गायन र नृत्य तथा आधुनिकताको दबाबमा दशैँको पारम्परिक आस्था र धार्मिकताका भावहरु अर्थहीन हुँदैगएका छन् ।

बजार चलाक छ । यसले इतिहास र मिथलाईपनि आफू अनुकूल व्याख्या गर्छ र प्रचार गर्छ । जनकपुरमा राममन्दिरको परिसरभित्र रहेको राजदेवी मन्दिर, १९औं शताब्दीमा जनकपुरमा आउने गोर्खालीसेनाले हतियार राख्ने कोतघरमा देवीको पीढी बनाएका थिए । पछि सरकारी खर्चमा यस्मा दशैँको बेला शासकीय परम्परामा बलीप्रदान गर्न थालियो । तर यसका नयाँ आयोजकहरुले यस ऐतिहासिकतालाई ओझेल पारेर यसलाई मिथिलाको राजा जनकको राजदेवीको रुपमा प्रचारित गरेर भीड जुटाउँदैछन् । यस्ले एकातिर इतिहासलाई ओझेलमा पार्छ भने जनकको मिथलाई पनि विकृत बनाउँछ । यस्तो फेरी जनकपुरमा मात्रै भइरहेको छ, भन्ने छैन । धार्मिक मेला, भीड र बजारलाई प्रोत्साहन गर्ने दाउमा कयौँ देवस्थलमा यस्तै भैरहेको छ । तर बजारलाई नाफा बाहेक अरु केहीको मतलब हुँदैन ।

दशैँ जस्ता धार्मिक सांस्कृतिक उत्सवहरुलाई कसरी हेने ? जनसमुदायको निजी आस्थालाई सम्मान गर्नु नै उचित छ । तर यस्मा निहित अन्धविश्वास, भेदभाव, शोषण र पछौटे चेतनाको विरुद्ध वैचारिक र व्यावहारिकरुपमा एकजुट हुनु आवश्यक छ । देश धर्मनिरपेक्ष भएको अठारवर्ष बितिसक्यो, तरपनि राज्यबाट जनताको हितभन्दा धार्मिक कार्यहरुमा बजेट छुट्याउनु, खर्च गर्नु र राजनेताहरुले यस्लाई प्रोत्साहित गर्नु विडम्बनायुक्त छ ।

यी सबैका अतिरिक्त, जब म दशैँमा पूजास्थलमा नारीसंग गरिने भेदभाव तथा वर्तमानमा नारीको स्थितिसंग तुलना गर्छु, मलाई 'या देवी सर्वभूतेषु....' होस वा 'तोहरे भरोसे बढम बाबा झिझिया बनौलियै हो'मा नारीको अस्तित्वप्रति गहन पीडा र व्यङ्ग्यको भाव अभिव्यक्त भैरहेको देखिन्छ । मन्दिर र थानमा देवी र दुर्गाको रुपमा नारीको पूजा गरिन्छ, तर देवी मन्दिरहरुमा नारीकै प्रवेशमा रोक लगाइन्छ । हिजो मैले फेसबुकमा जनकपुरको राजदेवी मन्दिरको गर्भगृहमा महिलाहरुको प्रवेशमा रोक लगाइएको स्टेटस देखेँ । यस स्टेटसमा महिलाहरुमा विभाजित मत देखियो । एउटा पक्षले देवीको पूजा उत्सवमा नारीकै प्रवेश रोक्नु भेदभाव भनिरहेका थियो, भने अर्कोले यो परम्परा भएकोले यसलाई सहजरुपमा स्वीकार्नु पर्ने तर्क गरिरहेको थियो । विचित्र छ नि ! परम्पराको नाममा विभेद स्वीकार्नु कति तार्किक र उचित हुन्छ ?

प्रत्येक वर्ष दशैँले हिन्दु समाजमा जादू, टोना, बोक्सी, धामी ओझा, बनदेवी, भूत प्रेत जस्तो अन्धविश्वास तथा ब्राह्मणवादी विभेदयुक्त वर्णाश्रम व्यवस्थाप्रतिको अन्धचेतनालाई प्रोत्साहन गरेर जान्छ । बजार, पुरोहित, धर्म र राज्यसत्ता सबैले यसबाट फाइदा उठाउँछन्, त्यसैले उनीहरुले यसलाई प्रचार र प्रोत्साहन गर्ने नै भए । यी अभिजात्यहरुको लहलहैमा उत्पीडित दलित, महिला र गरिब श्रमिक जनसमुदाय समेत यस मध्ययुगीन सांस्कृतिक प्रवाहमा बगीरहेको हुन्छ । विडम्बना के छ भने जुन अशिक्षित श्रमिक समुदायलाई वर्णाश्रमी पितृसत्तात्मक व्यवस्थाको शोषणबाट मुक्त हुनु छ, त्यही समुदाय यस्तो अन्धविश्वासी चेतना र व्यवहारमा बढी लिप्त देखिन्छ । बोक्सीको पीडा र धामी,, ओझाको नाममा शोषण र यातना यसै समुदायले भोग्नु पर्छ । झिझियाको लोकगीतमा एउटा पंक्ति छ : 'डइनियाँके बेटा मरल परल छै, केओ नइँ उठबैया हे अन्हार राइत झिझिया ।' यसरी नै अर्को पंक्ति छ : 'चल चल गे डइनियाँ कदम तर तोरा बेटाके खयबौँ बढम तर' । मञ्चमा वा सडकमा झिझिया नाचमा जब यो गीत गाइएको हुन्छ, भीड रमाउँछ । यसले बौद्धिकजमातको पारम्परिक चेतनाले संस्कृति बचाएकोमा सन्तोषपनि अनुभूत गर्नसक्छ । तर यथार्थमा बोक्सी वा डाइन अन्धविश्वास बाहेक अरु केही होइन, भन्ने तथ्यबाट सबै अवगत छन् । रेडियो, टीभी, संघसंस्था सबैले बोक्सीको अन्धविश्वासी धारणा विरुद्ध अभियानहरु संञ्चालन गरिरहेका छन् । सरकारले बोक्सीको नाममा गरिने यातना र भेदभावलाई सामाजिक अपराध भनेको छ । तरपनि बोक्सी, भूत, प्रेत, मन्त्र, धामी, झाँक्री, ओझा, तान्त्रिक आदि धारणाको प्रमुखता रहेको दशैँ, संस्कृतिको नाममा यस एक्काइसौँ शताब्दीमा पनि कसरी समाज र राज्यसत्ताले स्वीकार गरेको छ ? किन बोक्सीको नाममा निर्धा महिलाहरुले गुँह मुत खानु परेकोछ ? सामाजिक बहिष्कार झेल्नु परेको छ ? यतिमात्र किन आफू मारिनु परेको छ, छोरा लगायत परिवारजन मारिनु परेको छ । कति भयावह गीत ? अँध्यारो भयावह रातमा डाइनको मृत छोरा भुइँमा पम्रिएको छ, र त्यस बोक्सीको चित्कार कसैले सुनिरहेको छैन । अर्को गीतमा आफूलाई प्रतिष्ठित भन्ने मानिसहरुको भीडले डाइनलाई धम्क्याउँदै छ, 'हिँड ए डइनियाँ कदमको रुख मुनी, तेरो छोरालाई बढमको सामुन्ने चपाउँछु (खान्छु) ।' यो कुन समाजको अभिव्यक्ति हो ? तर अचम्भ, बजार, सत्ता, धर्म र पुरातन संस्कृतिका अगुआहरुले गठबन्धन गरेर यस चेतनालाई संस्कृतिको नाममा झन्झन बढावा दिइरहेको छ । मलाई लाग्छ, राजनीति बदलिएपनि समाज अहिलेपनि तीनसयवर्ष पुरानो मध्ययुगीन चेतनामा छ, जहाँ विज्ञानले होइन, धार्मिक र पारम्परिक अन्धविश्वासहरुले सामाजिक मनोविज्ञानको निर्माण गर्थ्यो, निर्देशित गर्थ्यो ।

दशैँको प्राकृतिकरुप हिन्दु सामन्तशाही भित्र ब्राह्मणीय मान्त्रिक प्रक्रियाबाट सिद्धपीठहरु राजदेवी र कोतघरमा शक्तिपूजा तथा ग्रामीण जनसमुदायमा भूत, बोक्सी, धामी, ओझा, र वनदेवीहरु र ग्रामदेवताहरुको लोकपरम्परा अनुसार बोका, परेवा आदि बली, रक्सी (तपाओन) चढाएर र धामीहरुले 'भगतै' गाएर अमान्त्रिक पूजापाठ र गाथागायन हो । यस समग्र विधिहरुमा दुर्गा-देवीहरु पुरुष धामी-झाँक्री र ओझाहरुको मन्त्र अनुसार चल्ने र बोक्सी र चुडैल (किचकिन्ने)हरुको कोपबाट रक्षा गर्ने अन्धविश्वासलाई नै पुष्ट गर्छ ।

यस दृष्टिकोणबाट दशैँलाई हेर्ने हो भने महिषासुरमर्दिनी दुर्गा र काली, लगायत नवदुर्गाको मिथ, यस्को मान्त्रिक र आमान्त्रिक पूजा, सांस्कृतिक हार्दिकताका तर्कहरु, मेला र तामझाम अर्थहीन लाग्न थाल्छन् । यथार्थ के हो भने, हरेक वर्ष 'मातृरुपेण संस्थिता'मा भव्य र त्रासमयी दशैँमा दुर्गाको पूजा हुन्छ र प्रत्येक वर्ष नारीहरु बोक्सीको रुपमा यातना भोग्छिन्, भूतप्रेत र तन्त्रमन्त्रको नाममा तान्त्रिक, धामी र ओझाको चोला धारण गरेका धूर्त्त मानिसहरुको स्वार्थसिद्धि झन्झन बढदैगएको छ ।

त्यसोभए दशैँ जस्ता धार्मिक सांस्कृतिक उत्सवहरुलाई कसरी हेने ? जनसमुदायको निजी आस्थालाई सम्मान गर्नु नै उचित छ । तर यस्मा निहित अन्धविश्वास, भेदभाव, शोषण र पछौटे चेतनाको विरुद्ध वैचारिक र व्यावहारिकरुपमा एकजुट हुनु आवश्यक छ । देश धर्मनिरपेक्ष भएको अठारवर्ष बितिसक्यो, तरपनि राज्यबाट जनताको हितभन्दा धार्मिक कार्यहरुमा बजेट छुट्याउनु, खर्च गर्नु र राजनेताहरुले यस्लाई प्रोत्साहित गर्नु विडम्बनायुक्त छ । धार्मिक विश्वास जनताको निजी आस्थाको विषय हो, त्यसैले यसलाई व्यक्तिको निजी पहलमा नै छाडिदिनु उचित हुन्छ । राज्यसत्ताको दायित्व, नारीलगायत सबै उत्पीडित समुदायलाई विभेद, यातना र शोषणमुक्त बनाउनु, जनताको हित र समृद्धि हो, यतातिर ध्यान दिनु धर्मनिरपेक्ष राज्यको कर्तव्य हो ।

जतिसुकै र जुनसुकै तर्क दिएपनि संस्कृति संरक्षणको नाममा अन्धविश्वासहरुलाई प्रोत्साहित गर्नु मानवोचित हुन सक्दैन । सांस्कृतिक उत्सवहरुलाई मानवीय, समतामूलक, विभेदमुक्त र सहिष्णु बनाउनु आवश्यक छ । मानवीय चेतना र समानता विरुद्धको जुनसुकै र जस्तोसुकै संस्कृति र परम्परा भएमा यसबाट मुक्त हुनु नै उचित हो ।

यसका पक्षमा कयौँ सकारात्मक तर्क दिन सकिन्छ । तर यस्मा निहित अन्धविश्वास र नारी (डाइनको भूठो विश्वासको कारण) यातनाको प्रमुखतालाई कसैले अस्वीकार गर्नसक्दैन । सत्य त सत्य हो , दशैँमा निहित सांस्कृतिक चेतना जुन मनोविज्ञानबाट जन्मेको हो, र जो अहिले मृत अवशेष मात्र छ, यसलाई संग्रहालयमा राख्नु नै उचित हुनेछ । होइन भने यो नारीप्रति अमानवीय व्यवहारको मध्ययुगीन प्रेरणा स्रोत सदा बनिरहनेछ । अप्रत्यक्ष कारण इतिहासमा हुनसक्छ, तर सत्यको अनुभूति वर्तमानमा नै हुन्छ । विचार गरौँ !

# दसैँ उदात्त संस्कृतिको विराट आयाम



**डा शोभाकर पराजुली**

*बसन्त–शरदावेव सर्वनास करावुभौ ।
तस्मात तत्र प्रकतम्बम् चण्डिका पूजनम् बुधैः ॥*

वर्षा सकिएर हाम्रो माटो ओभाउन थालेसँगै यतिबेला नेपालीका घरआँगनमा दसैँको उल्लास छरिइसकेको छ । मौसम नै एक प्रकारले दसैँको भावमा सुगन्धित हुन थालेको छ । देशको सबैभन्दा ठूलो यो पर्वले फेरि एकपटक सम्पूर्ण नेपालीलाई एउटा आत्मियताको मालामा गाँसेको आभाष छाएको छ ।

वसन्त अनि वर्षा ऋतु र शारदीय मौसमको आरम्भसँगै एउटा भव्य सांस्कृतिक सुगन्ध छाउँछ दसैँको । यो श्लोकमा दसैँको सांस्कृतिक, प्राकृतिक अनि मानवीय संस्कारको एउटा आदिम साइनो गाँसिएको छ । यसको अर्थ हुन्छ, वसन्त अनि वर्षायामसँगै शारदीय मौसम सुरु भएसँगै चण्डीपाठ गर्दा त्यो बीचमा भएका अनि आउँदा सङ्कट पनि सबै नाश भएर जान्छन् भन्ने मान्यता हो ।

दसैँको सांस्कृतिक पक्ष अर्थात यो पर्वमा हुने पूजाआजा त्यही मान्यताका आधारशीला हुन् । हिन्दूकुश हिमालय पर्वतको काखमा अवस्थित नेपाल राज्य स्थापनाका आफ्नै वैदिक अनि परम्परागत मान्यता छन् । उसै पनि अध्यात्मिक पवित्र भूमिका रुपमा चिनिने नेपाल राज्यमा सनातनदेखि नै दसैँको परम्परा सुरु भएको देखिन्छ । नेपालको इतिहासमा लिच्छविकालको सुरुआतदेखि नै यस्ता वैदिक सनातन संस्कार प्रचलनमा आएको देखिन्छ । यहाँको आदिमानव सभ्यतामा वैष्णव, शैव, शात्तललगायत धर्ममा गरिने देवीको पूजाआजाको धार्मिक परम्परा नै दसैँका रुपमा स्थापित हुँदै गएको पाइन्छ ।

यद्यपि, यसका अनेक किंवन्दती छन् । यसका वैदिक अनि धार्मिक मान्यता छन् र यसका आ-आफ्नै मौलिकता छन् । धर्म अनि परम्पराबाट अलि परबाट हामीले यसलाई महसुस गर्‍यौं भने दसैँ एउटा सामाजिक उत्सव पनि हो । जहाँ नेपाली समाजको विविधताबीच एकता पनि झल्किन्छ । अनेक विविधताले भरिएको नेपालमा हरेक पर्व मनाउने सबैका आ-आफ्नै तरिका छन् । संस्कार अनि परम्परा छन् । तथापि हरेक पर्व अनि उत्सवहरूले दिने सन्देशमा भने तात्विक अन्तर देखिन्छ ।

अर्थात हरेक पर्वले सामाजिक र सांस्कृतिकसँगै एउटा मानवीय सन्देश पनि दिइरहेका हुन्छन् । जो अन्ततः मानव जाति र प्रकृतिको चक्रसँग गाँसिएको हुन्छ । दसैँ पनि त्यस्तै हो । दसैँ मान्ने तरिका फरक छन्, कसैले टीका लगाउँछन्, कसैले रातो लगाउँछन् त कसैले सेता, कसैले कालो । कसैले मासु खान्छन् कसैले खाँदैनन् । कसैले कस्तो वेष धारण गर्छन्, कसैले कस्तो । जसले जे नाम वा जसरी मनाए पनि दसैँको महिमा अनि महत्व पनि एउटै हो । यो मानवजाति र प्रकृतिको अन्य सम्बन्ध र पारस्परिक परिचक्रसँग जोडिएको छ । यसको अन्तिम लक्ष्य भनेको मान्छे र प्रकृतिको आदिम साइनो पनि हो, जसको चक्रमा यो सिङ्गो ब्रह्माण्डको अस्तित्व अनादिकालदेखि नै रहिआएको छ ।

महिलाका लागि टीका, जमरासँगै दिइने यो आशीर्वादको अझ गहिरो अर्थ लाग्छ । यो भनेको हाम्रो सृष्टिका हरेक नारीहरूको सम्मान हो । अर्थात् नारीलाई देवीशक्तिका रुपमा पूजा गर्ने हाम्रो सनातन परम्पराअनुसार नारीलाई देवीकै अवतारका रुपमा लिइन्छ । यसरी दसैँले मानव सभ्यता र यसको सृष्टीलाई धर्मका माध्यमद्वार बलियो गरी बाँधेको हुन्छ ।

धार्मिक किंबदन्तीअनुसार देवीले दैत्यहरूको नाश वा बध गरेपछि त्यसलाई उत्सवका रुपमा मनाउने क्रममा दसैँ स्थापित भएको मानिन्छ । त्यसैलाई विजयादशमी पनि भन्ने गरिन्छ । अनि कतिपय शास्त्रमा रामले देवीको पूजा गरेपछि रावणमाथि विजय प्राप्त गरेका मान्यताहरू स्थापित छन् ।

हिन्दू परम्परामा मानिँदै आएका कोटीकोटी देवीदेवता वा भगवानमध्ये दसैँमा खासगरी शक्तिपीठ अर्थात देवीहरूको पूजा हुन्छ । त्यो भनेको दसैँ असत्यमाथि सत्यको विजयोत्सवका रुपमा पनि लिइन्छ । यस अर्थमा दसैँलाई शक्ति उपासनाको पर्वका रुपमा लिन सकिन्छ ।

हिन्दू शास्त्रहरूमा यसका आ-आफ्नै विधि र प्रक्रिया छन् । जस्तो कि विजयादशमीका बेला हामीले लगाउने टीका, जमरा अनि आर्शीर्वादका पनि आफ्नै मान्यता र अर्थ छन् । यसका वैज्ञानिक व्याख्यातिर नजाने हो भने यी दसैँका यी सबै अवयवहरूमा मानव सभ्यताका गहिरा अर्थहरू गाँसिएका छन् । जस्तो कि- दसैँका बेला आफूभन्दा ठूला, मान्यजन अनि अग्रज आफन्त दसैँमा टीका लगाउँदा यसरी आर्शीर्वाद दिने चलन छ-

*आयुद्रोणसुते श्रियं दशरथे शत्रुक्षयं राधवे ।
ऐश्वयं नहुषे गतिश्च पवने मानंच दुर्योधने ॥
सौर्य शान्तनवे वलं हलधरे सत्यंच कुन्तीसुते ।
विज्ञानं विदेरे भवतु भवतां कीर्तिश्च नारायणे ॥*

यसमा अष्ठ चिरञ्जीविको जस्तो दीर्घायू, राजा दशरथको जस्तो धन सम्पत्ति, रामचन्द्रको जस्तो शत्रु नाश गर्ने शक्ति, भीष्मका पराक्रम अनि कृष्णका दाजु बलरामको शक्ति, युधिष्ठिरको सत्यवादिता, विदूरको ज्ञान-विज्ञान अनि नारायणको अविनाश कीर्तिहरूको सन्देश गाँसिएको छ ।

खासगरी पुरुषहरूलाई दिइने यस्तो आशीर्वादमा मात्रै धर्म वा किंबदन्ती छैनन् । बरु यसमा ज्ञान-विज्ञानका कुरा पनि गाँसिएका छन् । यसरी दसैँ र यसलाई मनाउने तरिका अनि परम्परामा विज्ञान पनि मिसिएको छ । हामीले दसैँका बेला अपनाउने कतिपय संस्कार वैज्ञानिक पनि छन् । यी अनुसन्धानले पनि प्रमाणित गरेका कुरा हुन् ।


*जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।
दुर्गा, क्षमा, शिवा, धात्री, स्वहा, स्वधा नमस्तुते ॥*

महिलाका लागि टीका, जमरासँगै दिइने यो आशीर्वादको अझ गहिरो अर्थ लाग्छ । यो भनेको हाम्रा सृष्टिका हरेक नारीहरूको सम्मान हो । अर्थात् नारीलाई देवीशक्तिका रुपमा पूजा गर्ने हाम्रो सनातन परम्पराअनुसार नारीलाई देवीकै अवतारका रुपमा लिइन्छ । यसरी दसैँले मानव सभ्यता र यसको सृष्टीलाई धर्मका माध्यमद्वार बलियो गरी बाँधेको हुन्छ ।

अर्को हिसाबबाट हेर्ने हो भने दसैँका सामाजिक अनि आर्थिक शास्त्र पनि छन् । वर्षायामभरि खेतीपाती सकेर यो समयमा हरेक किसानले आनन्दपूर्वक दसैँ मनाउने गर्छन् । टाढा टाढा रहेका आफन्त अनि परिवारका सदस्यहरू एकै ठाउँमा भेला भएर खुसी र आत्मियता साट्ने यो पर्वको आफ्नै सामाजिक मान्यता पनि छन् । यसबेला बजार पनि चलायमान हुन्छ । नयाँ नयाँ सामान भित्र्याउने अनि किनमेलका लागि यो पर्वले राज्यको अर्थबजारलाई पनि गतिशील बनाइरहेको हुन्छ । तसर्थ, दसैँ आफैँमा धार्मिक पर्व त हो नै, त्यसका लागि सामाजिक अनि आर्थिक हिसाबले पनि दसैँ एउटा परिवार, समाज मात्रै नभइ सिङ्गो राष्ट्रका लागि पनि महत्वपूर्व अवसर मानिन्छ । योसँगै सुरु हुने तिहार अनि छठपर्वले पनि एकअर्को समुदायलाई धार्मिक र आत्मिक गाथामा बाँधेको हुन्छ । यसबाट हाम्रो सनातन समाजको सहिष्णुता र मिलाप दर्साउँछ । त्यसमा पनि नेपाल आफैँमा एउटा बहुधार्मिक अनि बहुसांस्कृतिक समाज मिलेर बनेको एउटा सार्वभौम र स्वायत्त राष्ट्र हो । त्यसैले पनि यहाँका परम्परा अनि संस्कृतिहरूको पहिचान विश्व माझमै अलग प्रकारको छ ।

जे होस् अनेक संस्कृतिले भरिपूर्ण हाम्रो देशमा यस्ता हरेक पर्वले सामाजिक सद्भाव, भ्रातृत्व अनि हरेक समुदाय र समाजलाई प्रेमिल बनाउन सघाइरहेका हुन्छन् । त्यसैले पनि नेपाली समाज आफैँमा सभ्यता र संस्कृतिको विराट भूमि पनि हो । दसैँ, तिहार र छठ पर्वको यो पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा दीर्घायु, उन्नति अनि समृद्धिको शुभकामना ।

# राष्ट्रपतिसमक्ष मुस्लिम आयोगको प्रतिवेदन पेस



काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष मुस्लिम आयोगले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका कामहरूको वार्षिक प्रतिवेदन पेस गरेको छ। राष्ट्रपति भवन शीतल निवासमा सोमबार आयोजित कार्यक्रममा आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले राष्ट्रपति पौडेलसमक्ष प्रतिवेदन पेस गर्नुभयो।

त्यस अवसरमा राष्ट्रपति पौडेलले देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति, समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, सम्पदाको संरक्षण र विकास गर्ने राज्यको सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति रहेको सन्दर्भमा सोही बमोजिम गठित मुस्लिम आयोगको जिम्मेवारी र दायित्व गहन रहेको बताउनुभयो।

उहाँले आयोगले आफ्नो संवैधानिक र कानुनी दायित्व पूरा गर्ने सन्दर्भमा आफूले गरेका काम कारबाहीहरू समेटेर तयार पारेको प्रतिवेदनमा उठाइएका महत्वपूर्ण विषयलाई सम्बोधन गर्ने विषयमा सरकारले ध्यान दिने विश्वास व्यक्त गर्नुभयो।

**राष्ट्रपतिसमक्ष थारू आयोगको प्रतिवेदन पेस**

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष थारू आयोगले आर्थिक वर्ष २०८०/८१ मा वार्षिक प्रतिवेदन पेस गरेको छ।

राष्ट्रपति भवन शीतल निवासमा आयोजित कार्यक्रममा आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले सो आर्थिक वर्षमा सम्पादन गरेका कामहरूसहितको प्रतिवेदन राष्ट्रपति पौडेलसमक्ष पेस गर्नुभएको हो।

त्यस अवसरमा राष्ट्रपति पौडेलले संस्कृति व्यक्ति र समुदायको पहिचान तथा अपनत्व कायम राख्ने महत्वपूर्ण माध्यम हो भन्नुभयो। "थारू समुदाय मूलतः नेपालको तराई क्षेत्रमा युगौंदेखि बसोबास गरी आएको र यो समुदायको आफ्नै भाषा, संस्कृति, वेशभूषा, परम्परा, सभ्यता र संस्कार रहेको छ", उहाँले भन्नुभयो,"आदिवासी जनजातिका रूपमा रहेको यस समुदायको इतिहास, भाषा, लिपि, संस्कृति, परम्परा, कला, साहित्यका विषयमा अध्ययन गरिनु आवश्यक छ।"रासस

# सहरी विकासमा युवाको सङ्लग्नता बढाउनु आजको आवश्यकता हो: उपप्रधानमन्त्री सिंह

काठमाण्डु। उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले संविधानले मौलिक हकका रूपमा व्यवस्था गरेको आवासको अधिकारलाई सुनिश्चित गरिनुपर्ने बताउनुभएको छ। विश्व बसोबास दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा उहाँले नेपालको संविधानमा व्यवस्था गरेअनुसार सीमान्तकृत, घरबारविहीन, सामाजिक तथा आर्थिक रूपले पछिपरेका नागरिकको आवासको हक सुनिश्चित गर्न सरकार लागिरहेको बताउनुभयो।

उपप्रधानमन्त्री सिंहले सहरी विकासमा युवाको सङ्लग्नता बढाउन सरकारले पहल थाल्ने बताउनुभएको छ। "यसका लागि सहरी विकास मन्त्रालय, जनता आवास कार्यक्रम, सुरक्षित नागरिक आवास कार्यक्रम तथा बस्ती विकास कार्यक्रम सञ्चालन गरी सरकार ग्रामीण क्षेत्रका नागरिकको समेत व्यवस्थित आवासमा पहुँच सुनिश्चित गर्ने दिशामा अग्रसर छ," उहाँले भन्नुभयो, "नेपाल सरकारको तर्फबाट सहरी विकासमा युवाको सङ्लग्नता विषयका लागि गर्नुपर्ने प्रयासलाई निरन्तरता दिनेछौँ। युवा जनसङ्ख्याको गतिशिल र शक्तिशाली हिस्सालाई उचित शिक्षा, रोजगारमूलक सीप, उचित रोजगारका अवसर उपलब्ध गराई उनीहरूको सिर्जनात्मक शक्तिलाई वृहत्तर राष्ट्रिय हितसँगसँगै समग्र सहरी विकासमा पनि समाहित गर्नु आजको प्रमुख आवश्यकता हो।"

> "नेपाल सरकारको तर्फबाट सहरी विकासमा युवाको सङ्लग्नता विषयका लागि गर्नुपर्ने प्रयासलाई निरन्तरता दिनेछौँ। युवा जनसंख्याको गतिशिल र शक्तिशाली हिस्सालाई उचित शिक्षा, रोजगारमूलक सीप, उचित रोजगारका अवसर उपलब्ध गराई उनीहरुको सिर्जनात्मक शक्तिलाई वृहत्तर राष्ट्रिय हितसँगसँगै समग्र सहरी विकासमा पनि समाहित गर्नु आजको प्रमुख आवश्यकता हो।"




उपप्रधानमन्त्री सिंहले दिगो विकास एजेण्डा-०३० को लक्ष्य ८ ले सबैका लागि समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण उत्पादकमूलक र सम्मानजनक रोजगारीको अवसर सिर्जना गर्ने र लक्ष्य ११ मा सहर र मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने लक्ष्य लिएकाले सोहीअनसार सरकार क्रियाशील रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो,"यी लक्ष्य हासिल गर्नका लागि सङ्घीय, प्रादेशिक र स्थानीय सरकार निरन्तर क्रियाशील रहेका छन्। १६औँ आवधिक योजना, सङ्घीय तथा प्रादेशिक र स्थानीय सरकारका नीति, कार्यक्रम र बजेटमा पनि यसलाई उच्च प्राथमिकता दिइएको छ।"

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा रमेशप्रसाद सिंहले वातावरणमैत्री सहरी पूर्वाधार निर्माण गर्नु आजको आवश्यकता रहेको बताउनुभयो। सहरी विकास मन्त्रालका सचिव मणिलाल गेलालले पछिल्लो समय युवापुस्ता विदेशिने क्रम बढेसँगै सहरी विकासमा युवाको सङ्लग्नता बढाउने योजना कार्यन्वयनमा चुनौती देखिएको धारणा राख्नुभयो।

सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक मचाकाजी महर्जनले दिगो सहरी विकासका लागि युवा सङ्लग्नता बढाउनुपर्ने र यसका लागि शिक्षा, स्वास्थ्य रोजगारीलगायतका सुविधा तथा अवसर सिर्जनामा जोड दिनुपर्ने बताउनुभयो। मधेश प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहनप्रसाद साह, नेपालका लागि संयुक्त राष्ट्रसङ्घकी आवासीय संयोजक हन्ना सिगर हाम्दीले सहरी विकासमा युवा वर्गको सङ्लग्नताबारे प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरिले पनि सहरी विकासमा युवा सङ्लग्नता बढाउनका लागि योजनावद्ध रूपमा अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। 'कर्मशील युवाः समुन्नत सहर' भन्ने नारासहित यस वर्ष दिवस मनाइँदै छ। युएन– ह्याबिट्याटबाट सन् १९८६ देखि प्रत्येक वर्ष अक्टोबर महिनाको पहिलो सोमबार विश्व बसोबास दिवस मनाउँदै आएकामा नेपालमा पनि सन् २००१ देखि उक्त दिन विश्व बसोबास दिवस मनाउन थालिएको हो।

युएन ह्याबिट्याटको तथ्याङ्क अनुसार हाल विश्वभर १८-२५ उमेर समूहका व्यक्तिको संख्या एक दशमलव तीन विलियन रहेकोमा त्यसको ८०% जनसंख्या विकासशील र विकासोन्मुख राष्ट्रहरूमा रहेको देखिएको छ। यसैगरी नेपालमा १६-४० उमेर समूहका युवाको संख्या एक करोड २४ लाख रहेको छ जुन कूल जनसंख्याको ४२ दशमलव छ प्रतिशत हो।रासस

# जसपा नेपालले पायो अन्तर्राष्ट्रिय सङ्गठन प्रोग्रेसिव एलाइन्सको सदस्यता

काठमाण्डु। जनता समाजवादी पार्टी (जसपा) नेपालले अन्तर्राष्ट्रिय सङ्गठन प्रोग्रेसिव एलाइन्सको सदस्यता पाएको छ। दक्षिण अमेरिकामा रहेको चिलीको स्यान्टियागोमा सोमबार सम्पन्न विश्व सम्मेलनले जसपा नेपाललाई सङ्गठनको सदस्यता दिने निर्णय गरेको हो।

समाजवादी, सामाजिक लोकतान्त्रिक, श्रमिक र प्रगतिशील पार्टीहरूको साझा अन्तर्राष्ट्रिय सङ्गठनको यो निर्णयसँगै जसपा नेपाल प्रोग्रेसिव एलाइन्सको नयाँ सदस्य पार्टी बनेको हो।

विश्वका एकसय ९० वटा राजनीतिक पार्टी सदस्य रहेको उक्त सम्मेलनमा नयाँ सदस्यताका लागि भएको मतदानमा जसपा नेपाललाई सर्वसम्मतबाट सदस्यता प्रदान गर्ने निर्णय गरिएको हो। सबै महादेशबाट प्रोग्रेसिव एलाइन्सका करिब दुई सय राजनीतिक दलका प्रतिनिधि सहभागी उक्त अन्तर्राष्ट्रिय अधिवेशनमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र विदेश विभाग प्रमुख अर्जुन थापा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्दै सहभागी हुनुभएको थियो।

प्रगतिशील र अन्तर्राष्ट्रिय ऐक्यबद्धताको युगको लागि स्वतन्त्रता, सामाजिक न्याय, मानवअधिकारको सुनिश्चितता, लैङ्गिक विभेद, सामाजिक-आर्थिक तथा जातीय विभेद, असमानता र उत्पीडनको अन्त्य एवं पर्यावरणीय सुरक्षा जस्ता अवधारणाका साथ उक्त सम्मेलन सम्पन्न भएको छ।रासस

# गृहमन्त्री लेखकद्वारा बाढीपहिरो प्रभावित भूमिडाँडा र बेथानचोक क्षेत्रको निरीक्षण

धुलिखेल। गृहमन्त्री रमेश लेखकद्वारा काभ्रेपलाञ्चोकको बाढीपहिरो प्रभावित क्षेत्र पनौती नगरपालिका वडा न. १२ कलाँती भूमिडाँडास्थित रोशी बजार क्षेत्र र बेथानचोक गाउँपालिका वडा नं ४ स्थित पाटीखर्क, सलान्दुबगर र चलालगणेस्थानको प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्नुभएको छ।



काभ्रेपलाञ्चोकको पनौती नगरपालिका वडा नं १२ कलाँती भूमिडाँडा क्षेत्रमा रोशी खोलामा गएको बाढी पहिरोका कारण धेरै धनजनको क्षति पुऱ्याएको थियो। मन्त्री लेखकले सो क्षेत्रको रोशी बजार क्षेत्र आसपासको प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्नुका साथै स्थानीय बासिन्दासँग त्यहाँ नागरिकको अवस्थाको बारेमा जानकारी दिनुभएको छ।

सो क्रममा पनौती नगरपालिकाका प्रमुख राममशरण भण्डारीले बाढीपहिरोबाट नगरभित्रमा भएको क्षति, त्यसले नागरिकको आवास, खाद्यान्न र स्वास्थस्थितिमा पुऱ्याएको समस्याको बारेमा नगरपालिकाले गरिरहेको उद्धार, राहत र पछिल्लो समयमा नभएको पुनर्स्थापना लगायतको विषयमा मन्त्री लेखकलाई जानकारी गराउनुभएको थियो।

त्यस्तै उहाँले बेथानचोक वडा नं ४ स्थित पाटीखर्क, सलान्दुबगर र चलालगणेशस्थान आपासको क्षेत्रको स्थललगत निरीक्षण गरी त्यहाँको वस्तुस्थितिका बारेमा जानकारी लिनुभएको छ। गाउँपालिका अध्यक्ष भगवान अधिकारीले पालिकाभित्रमा बाढीपहिरोले पुऱ्याएको क्षतिले नागरिकले व्यहोरिरहेको कष्टकर अवस्था र त्यसमा पालिकाले गरिरको उद्धार सेवा लगायतको विषयमा जानकारी दिनुभएको थियो। पालिका अहिले खोज, उद्धार, खाद्यान्न, स्वास्थ्य सेवा र विषेश गरी यातायात सेवालाई प्राथतिकतामा राखेर काम भइरहेको उहाँले जानकारी दिनुभयो।

गृहमन्त्री लेखकले आज नै जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी भएर आज नै विपी राजमार्ग खण्डअन्तर्गत नमोबुद्ध नगरपालिकाको चौकीडाँडा र रोशी गाउँपालिकाको कटुञ्जे खण्डमा रोशी खोलामा गएको बाढीले पुऱ्याएको क्षतिको अवस्थाबारेमा स्थलगत निरीक्षण गर्ने कार्यक्रम रहेको छ।रासस

# प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सूचीकृत बेरोजगारलाई पुनःनिर्माणमा खटाइने

काठमाण्डु।सरकारलेप्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतको स्रोत र जनशक्तिलाई पछिल्लो विपद्पछिको पुनःनिर्माणमा खटाउन सक्नेगरी कार्यविधि संशोधन गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७' संशोधन गरी सूचीकृत बेरोजगार व्यक्तिलाई विपद्पछिको पुनःनिर्माणमा लगाउन सक्ने व्यवस्था गरेको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले संशोधित कार्यविधिअनुसार बेरोजगारको सूचीमा रहेका नागरिकलाई विपद् प्रतिकार्य र पुनःनिर्माणमा लगाउन सकिने जानकारी दिनुभयो। कार्यविधिमा 'विभिन्न विपद्को अवस्थामा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई परिचालन गरी तत्काल राहत तथा विपद् न्यूननीकरण गर्न कार्यपालिकाले निर्णय गरी दफा ४ को उपदफा (२) बमोजिमको मर्मतसम्बन्धी रोजगार आयोजना सञ्चालन गर्न सकिनेछ' भन्ने बुँदा थप गरिएको उहाँले बताउनुभयो।

कार्यविधि संशोधन भएसँगै विपद्का समयमा स्थानीय तहले कार्यपालिकाबाट निर्णय गरेर तत्काल सामुदायिक पूर्वाधारको मर्मत कार्य अघि बढाउन सक्ने बाटो खुलेको छ। स्थानीय तहले भविष्यमा आइपर्ने विपद्का समयमा प्रधानमन्त्री रोजगार कार्यक्रमको स्रोत परिचालन गरेर उद्धार, राहत र स-साना आयोजनाको पुनःनिर्माण गर्न सक्नेछन्।

मन्त्री भण्डारीले सूचीकृत बेरोजगारलाई परिचालन गरी पूर्वाधार मर्मत गर्न स्थानीय तहलाई अनुरोध गर्नुभयो। प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत स्थानीय तहलाई उपलब्ध भएको ससर्त अनुदानलाई स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी विपद्पछिको पूर्वाधार मर्मतमा लगाउन सकिने उहाँको भनाइ छ।सरकारले पछिल्लो विपद्बाट प्रभावित ११ जिल्लाका ४१ वटा स्थानीय तहलाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ।रासस

# जीपी कोइराला राष्ट्रिय स्वासप्रस्वास केन्द्र र ट्रमा सेन्टरलाई सुविधासम्पन्न बनाउन भारत सरकारले सहयोग गर्ने

काठमाण्डु। भारत सरकारले तनहुँकोशुक्लागण्डकीनगरपालिकाको बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रलाई तीन सय शय्या र उपकरणसहित अस्पताल निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

भारत भ्रमणमा रहनुभएका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल र भारतीय जनता पार्टीका अध्यक्ष एवं स्वास्थ्य तथा परिवार कल्याणमन्त्री जेपी नड्डाबीच नयाँ दिल्लीस्थित निर्वाण भवनमा भएको द्विपक्षीय वार्ताका क्रममा भारतले यस्तो प्रतिबद्धता जनाएको हो।त्यस क्रममा मन्त्री पौडेलले राखेको प्रस्तावअनुसार ट्रमा सेन्टरको स्तरोन्नति तथा डायलासिस सेवा थप्न र सर्पदंशका बिरामीको उपचार र 'डिजिटल हेल्थ' अभियान कार्यान्वयनका लागि सघाउन पनि भारतीय समकक्षी नड्डाले प्रतिबद्धता जनाउनुभएको स्वास्थ्यमन्त्री पौडेलको सचिवालयले जनाएको छ। आवश्यक तयारीपछि चाँडै यसबारे द्विपक्षीय समझदारी गर्ने सहमतिसमेत भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा विकास देवकोटाले जानकारी दिनुभयो। मन्त्री पौडेलले नेपाल भ्रमणका लागि दिएको निम्तोसमेत भारतीय समकक्षी नड्डाले स्वीकार्नुभएको उहाँले बताउनुभयो। "नेपालको स्वास्थ्य पूर्वाधार विकासमा भारतले महत्वपूर्ण योगदान दिएको छ", भेटपछि मन्त्री पौडेलको भनाइ उद्धृत गर्नुहुँदै महानिर्देशक देवकाटाले भन्नुभयो, "भारतीय पक्षबाट प्राप्त सहयोग प्रतिबद्धताले सम्बन्ध अझ प्रगाढ बनाउन मद्दत गर्नेछ।"




विश्व स्वास्थ्य सङ्गठनको क्षेत्रीय सम्मेलनका लागि भारतमा रहनुभएका स्वास्थ्यमन्त्री पौडेलले सोमबार साँझ कार्यक्रममा सम्बोधन गर्ने तह भएको उहाँको सचिवालयले जनाएको छ।रासस

# पठन संस्कृतिको विकासमा राष्ट्रिय पुस्तक नीति महत्वपूर्णः शिक्षामन्त्री भट्टराई

काठमाण्डु। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले पठन संस्कृतिको विकासमा राष्ट्रिय पुस्तक नीति महत्वपूर्ण हुने बताउनुभएको छ।

मन्त्रालयमा सोमबार राष्ट्रिय पुस्तक नीति-२०८१ माथि विभिन्न क्षेत्रका विज्ञको राय सुझाव लिनेक्रममा उहाँले पुस्तक पढ्ने बानी बसाउने र पुस्तकालयलाई अत्यावश्यक पुस्तकसहित उपयोगी बनाउने उद्देश्यले यो नीति ल्याउन लागिएको उल्लेख गर्नुभयो।

शिक्षामन्त्री भट्टराईले पुस्तक नीतिलाई अन्तिम रूप दिन वृहत् छलफल आयोजना गरिएको उल्लेख गर्दै सुझाव सङ्कलन गर्न र सानो समूहबाट त्यसलाई प्रविष्टि गराई स्वीकृतिको प्रक्रियामा लैजाने बताउनुभयो। उहाँले लेखक, प्रकाशकलाई मानव पुँजीका रूपमा लिएर अथाह ज्ञानका विषयवस्तुलाई पढेर र पढेका कुरा अरुलाई सिकाएर एवम् पढ्नेले पढ्न सिकाएर पुस्तकको महिमा बढाउन सकिने धारणा राख्नुभयो।



उहाँलेप्रकाशक, लेखकपुस्तक व्यवसायीसहित सरोकारवाला सबैको सहजीकरणका लागि पुस्तकालय ऐन ल्याउने सोच रहेको बताउनुभयो।

मन्त्रालयले राष्ट्रिय पुस्तक नीति-२०८१ माथि विभिन्न क्षेत्रका विज्ञको राय सुझाव लिने कार्य प्रारम्भ गरेको हो। मन्त्री बिद्या भट्टराईको अध्यक्षतामा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको मन्त्रालयले जनाएको छ। अन्तरक्रियामा सांसद मनिष झाले विद्यालय र विश्वविद्यालयमा मात्र नभइ होटल, रेस्टुरेन्टमासमेत पुस्तक पढ्ने सुविधा प्रदान गर्नुपर्ने र नेपाली पुस्तकलाई विदेशमासमेत पहुँच बढाएर गुणस्तरीय पुस्तक सबैलाई उपलब्ध गराउने सहज वातावरण बनाउन केन्द्रीत हुनुपर्ने बताउनुभयो।

अन्तरक्रियामा नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासङ्घ, विभिन्न प्रकाशन, काठमाडौँ उपत्यका सार्वजानिक पुस्तकालयसहित रिड नेपाल, बालपुस्तक विकास तथा छनोट मस्यौदा कार्यदल, डिल्लीरमण रेग्मी पुस्तकालय ,नेपाल राष्ट्रिय पुस्तक तथा विक्रेता सङ्घ ,नेपाल सामुदायिक पुस्तकालय सङ्घ, त्रिवि केन्द्रीय पुस्तकालय, नेपाल पुस्तकालय सङ्घ, मन्त्रालयका कर्मचारी लगायतको उपस्थिति थियो। अन्तरक्रियामा पुस्तक नीतिमा समेटिएका सकारात्मक पक्षको समीक्षासहित सुधारका लागि विभिन्न सुभाव प्राप्त भएको मन्त्रालयले जनाएको छ।

विसं २०६४ देखि विभिन्न कार्यदल गठन हुँदै मस्यौदा तयार पारिएको भए पनि हालसम्म पुस्तक नीति स्वीकृत हुन सकेको छैन।रासस

# राष्ट्रपति र प्रधानमन्त्रीबीच भेटवार्ता - रोजगारी र सुशासनमा दलहरू मिलेर काम गर्न राष्ट्रपतिको सुझाव

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीबीच सोमबार भेटवार्ता भएको छ।

राष्ट्रपति भवन शीलत निवासमा भएको उक्त भेटमा राष्ट्रपति पौडेलले शासनसत्तामा बस्नेहरूका लागि अहिले देखिएको सुशासन, रोजगारीको चुनौतीको समाधान गरेर युवालाई देशमै बस्ने अवस्था सृजना गर्न सुझाव दिनुभएको छ।

संयुक्त राष्ट्र सङ्घको महासभामा भाग लिएर स्वदेश फर्केपछि सोबारे जानकारी दिन शीतल निवास पुग्नुभएका प्रधानमन्त्री ओलीलाई राष्ट्रपति पौडेलले राजनीतिक दलहरू मिलेर मुलुकमा देखिएका समस्याको समाधान खोज्न आग्रह गर्नुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो। गाउँगाउँमा आधारभूत सुविधा पुगेर बस्ने अवस्था सृजना भए पनि रोजगारी र आम्दानी नभएकाले मानिसहरू गाउँ छोडिरहेको बताउँदै उहाँले त्यसतर्फ सरकारले विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। राष्ट्रपति पौडेलले हालै गएको बाढीपहिरोबाट प्रभावितकोराहततथापुनःनिर्माणका कामलाई तीव्रता दिन सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो।

भेटमा प्रधानमन्त्री ओलीले अहिले देखिएको जटिलतालाई मुक्त गर्दै सुशासन कायम गरेर लोकतन्त्रलाई अझै सुदृढ बनाउन सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो। उहाँले दुई ठूला दल मिलेर वनेको वर्तमान सरकारले सुशासन र विकासमा आफूलाई केन्द्रित गरेको पनि उल्लेख गर्नुभएको थियो।

सो क्रममा प्रधानन्त्री ओलीले संयुक्त राष्ट्र सङ्घ महासभाका सन्दर्भमा भएको भ्रमण अत्यन्त फलदायी र प्रभावकारी भएको राष्ट्रपति पौडेलेलाई जानकारी गराउनुभएको थियो। महासभामा नेपालले समुद्रसतह उठेकोदेखि हिमाल जोगाउने विषयलाई नयाँ तर्कका साथ उठाएर सबैको ध्यानाकर्षण गराउन सकिएको पनि बताउनुभयो। प्रधानमन्त्री ओलीले भ्रमणका सन्दर्भमा विभिन्न महत्त्वपूर्ण 'साइडलाइन' वार्ता गरेको पनि जानकारी गराउनुभएको थियो। सो भेटमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवालगायतको पनि सहभागीता थियो।रासस

## हमास आक्रमणको एक बर्ष :

# युद्धविराम र बन्धकको रिहाइका लागि विश्व समुदायको दवाव

दिलीप शर्मा

अक्टोबर ७ मा प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास)को घातक आक्रमणको एक वर्ष पूरा भएको छ। एक बर्ष पहिले आजकै दिन हमासले इजरायलको दक्षिणी क्षेत्रमा आक्रमण गरी व्यापक नरसंहार गरेको थियो । आक्रमणमा एक हजार २०५ जनाको मृत्यु भएको थियो भने २५० भन्दा बढी व्यक्तिलाई इजरायलको दक्षिणी क्षेत्रबाट बन्धक बनाएर आक्रमणकारी लडाकू समूहहरूले लगेका थिए।



हजारौं युवाहरू साङ्गीतिक माहोलमा रमिरहेका बेला हमास तथा अन्य सशस्त्र प्यालेष्टिनी लडाकू समूहले दक्षिण इजरायलमा नोभा सङ्गीत महोत्सवको स्थल किब्बुट्ज रीमलगायतका स्थानमा रक्तपात मच्चाएको थियो । आक्रमण र आफ्ना प्रियजनको दुःखद् सम्झना गर्दै सोमबार सयौं इजरायली नरसंहार स्थलमा भेला भई श्रद्धाञ्जलि व्यक्त गरेका विभिन्न अन्तराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । उनीहरूले सोही स्थानमा उक्त दिन हमासले बन्धक बनाई लगेका र फिर्ता हुन बाँकी बन्धकको रिहाइका लागि माग गर्दै गरिएको प्रदर्शन गरेका छन् । आक्रमणस्थलमा नै उनीहरूले आफ्ना प्रियजनको विगत र वर्तमान् अवस्थाको सम्झना गरे । नोभा सङ्गीत महोत्सव स्थलमा भावनाको ओइरो लागेको छ।

प्यालेस्टिनी लडाकूहरूले गाजा पट्टीमा गरेको आकस्मिक आक्रमणको वर्षदिनको सम्झनामा इजरायल र विश्वभरका शहरहरूमा श्रद्धाञ्जलि सभाका साथै बन्धकको रिहाइको लागि आवाज बुलन्द पारिएको छ । राष्ट्रपति आइज्याक हर्जोगले नोभा सङ्गीत महोत्सवको स्थल किब्बुट्ज रीममा बिहान ६:२९ बजे मौन धारण गरी दिनको सुरुवात गर्नुभएको थियो । उक्तस्थलमा हमासका लडाकूहरूले गरेको सबैभन्दा घातक आक्रमणमा कम्तीमा ३७० जनाको मृत्यु भएको थियो।

हर्जोगले भीडलाई भेट्दा मृतकका परिवारहरू स्मारकमा उपस्थित भएका थिए र धेरै जना रोइरहेका विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमबाट प्रसारण भएका श्रब्यदृष्य सामग्रीमा देख्न सकिन्थ्यो । गाजा पट्टीमा एक वर्षको युद्धपछि प्यालेस्टिनी जनताको समर्थनमा आवाज उठाउन र हमासको आक्रमणमा मारिएकाहरूलाई श्रद्धाञ्जलि दिन आइतबार विश्वभरका शहरहरूमा कार्यक्रमहरू भएका छन्। "अक्टोबर ७ मा भएको यो भयानक नरसंहारको एक वर्षपछि यो कार्यक्रममा आउनु निकै मर्मस्पर्शी छ," नोभा आक्रमणका पीडितहरूको सम्झनामा आइतबार तेल अभिभमा आयोजित एक समारोहमा आयोजक सोली लानियाडालाई उद्धृत गरी एएफपीले लेखेको छ।

इजरायलले गाजामा युद्ध गरिरहेको र लेबनानको उत्तरमा हमासको सहयोगी हिजबुल्लाहविरुद्ध नयाँ युद्ध गरिरहेको बेला इजरायल र हमास कुनैको पक्षधरता भन्दा पनि दिगो शान्तिको लागि आवाज उठाउनु आजको आवश्यकता हो । तर गाजा र लेवनान केन्द्रित युद्ध जारी रहँदा दिगो शान्तिको अवाजलाई पक्षधरताले छाँयामा पारेको छ। गत हप्ता इरानले इजरायलविरूद्ध गरेको क्षेप्यास्त्र आक्रमणलाई लिएर उसले तेहरानविरुद्ध पनि प्रतिशोधको तयारी गरिरहेको छ। यसले अझ व्यापक द्वन्द्वको आशङ्का बढाएको छ।

इजरायली सेनाले सोमबार गाजाबाट कम्तीमा चार वटा क्षेप्यास्त्र प्रहार गरिएको जनाएको छ र यसले गाजा पट्टीभरि हमासको प्रक्षेपण चौकी र भूमिगत आतङ्कवादी संरचनामा आक्रमण गरेको जनाएको छ ।हमासको सशस्त्र शाखाले एक विज्ञप्ति जारी गर्दै आफ्ना लडाकूहरूले गाजासँगको सीमा नजिक रफाह, केरेम शालोम र किब्बुट्ज होलिट सीमामा 'शत्रुको जमघट'लाई लक्षित गरी रकेट प्रहार गरेको जनाएको छ ।उत्तरी इजरायलमा सोमबार बिहान व्यापक साइरन बजेको र छिमेकी लेबनानबाट दैनिक रकेट प्रहार हुने गरेको सेनाले जनाएको छ।

### बन्धकको भविष्यप्रति आफन्तको चिन्ता

अक्टोबर ७ मा हमासले नियन्त्रण गरी लगेका बन्धकमध्ये ९७ जना अझै पनि तटीय क्षेत्रमा बन्धककै रूपमा जीवित रहेको विभिन्न स्रोतहरूको हवाला दिँदै उनीहरूका आफन्तहरूले बताउने गरेका छन् । यद्यपि, इजरायली सेनाले बन्धकमध्ये ३७ जनाको मृत्यु भइसकेको जनाएको छ ।बन्धक बनाइएका व्यक्ति र समर्थकका परिवारले सोमबार बिहानै पनि तेल अभिभमा उनीहरूको रिहाइका लागि दवाव दिने नारा लेखिएका ब्यानर र प्लेकार्ड बोकी जुलुस निकाले र उनीहरूलाई फिर्ता बोलाउन माग गरे ।

गत नोभेम्बरको अन्त्यमा एक साता लामो युद्धविरामका क्रममा २४० जना प्यालेस्टिनी कैदीको बदलामा १०५ जना बन्धकलाई रिहा गरिएको थियो । गाजाको सीमाबाट दुई किलोमिटरभन्दा कम दूरीमा रहेको पश्चिमी इजरायलको शहर स्डेरोटमा राष्ट्रपति हर्जोगले सोमबार हमासविरुद्धको युद्धमा मारिएकाहरूको सम्झनामा एक समारोहको नेतृत्व गर्नुभएको छ भने प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले आइतबार जित हासिल गर्ने प्रतिबद्धता व्यक्त गर्दै हमासको आक्रमणपछिको वर्षमा सेनाले वास्तविकतालाई पूर्णरुपमा परिवर्तन गरेको दाबी गर्नुभएको थियो ।

उत्तरी गाजामा इजरायली सेनाले एक वर्षको हवाई आक्रमण र लडाईंका बावजुद हमासले पुनर्निर्माण गरिरहेको सङ्केतपछि जबलिया क्षेत्रलाई इजरायली सेनाले घेरेको नेतन्याहुले बताउनुभएको छ । उक्त क्षेत्रमा उद्धारकर्ताहरूले आइतबार इजरायली हवाई आक्रमणमा परी नौ बालबालिकासहित १७ जनाको मृत्यु भएको बताएका छन् ।

सेप्टेम्बरको अन्त्यमा इजरायलले इरान समर्थित हिजबुल्लाह आन्दोलनविरुद्ध सैन्य कारबाही तीव्र पार्दै आफ्नो ध्यान उत्तरतर्फ मोडेको थियो। हिजबुल्लाहले हमासको समर्थनमा लेबनानबाट सीमामा नियमित रूपमा रकेट पठाउँदै आएको थियो।लेबनानमा इजरायली हवाई आक्रमणमा परी एक हजार ११० भन्दा बढीको मृत्यु भएको छ भने १० लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् ।इजरायलले उत्तरी इजरायलमा हिजबुल्लाहको रकेट आक्रमणका कारण विस्थापित भएका हजारौं इजरायलीलाई स्वदेश फर्कन दिने लक्ष्य राखेको जनाएको छ।

### आश्वस्त पार्दै नेतृत्व, सर्वसाधारणमा निराश

"एक वर्षअघि हामीले ठूलो क्षति बेहोर्नुपर्‍यो। विगत १२ महिनामा हामीले उक्त अवस्थालाई पूर्णरुपमा परिवर्तन गरेका छौं," नेतन्याहूले लेबनानको सीमा भ्रमणका क्रममा भन्नुभयो । उहाँले सेनाको एक टुकडीलाई प्रोत्साहन गर्दै भन्नुभयो, "हामीले सँगै युद्ध लड्छौं र सँगै जित्छौं।"समाचार संस्था सिन्ह्वाका अनुसार हमासले आइतबार अक्टोबर ७ मा भएको आक्रमणलाई 'गौरवशाली' भन्दै प्यालेस्टिनीहरूले 'आफ्नो प्रतिरोधबाट नयाँ इतिहास रचिरहेको' बताएको छ।

सन् २००७ देखि गाजा पट्टीमा शासन गर्दै आएको उक्त लडाकू समूहले अक्टोबर ७ को बिहानै इजरायली सीमावर्ती समुदायतर्फ हजारौं रकेट प्रहार गरी आक्रमण गरेको थियो।सोही समयमा हमासका लडाकुहरूले सीमा पार गरी किब्बुत्जिम समुदाय, सेनाको अखडा र नोभा सङ्गीत महोत्सवलगायत लगभग ५० वटा विभिन्न स्थानमा आक्रमण गरेका थिए।लडाकूहरूले सामूहिक रूपमा महोत्सबमा भेला भएका मानिसहरूको भीडलाई अन्धाधुन्ध गोली तथा बम प्रहार गरेका थिए । उनीहरू पछि किसान समुदायहरूमा घर-घरमा पसेका र घरभित्रै गोली हानेर मारेका थिए।

आक्रमणको केही घण्टापछि इजरायलले गाजामा सैन्य आक्रमण सुरु गरेको थियो जसले यस क्षेत्रको ठूलो भाग भग्नावशेषमा परिणत भएको छ । इजरायली कारवाहीले २४ लाख गाजाका बासिन्दामध्ये लगभग सबैलाई कम्तीमा एक पटक विस्थापित गरेको छ।गाजामा इजरायली आक्रमण सुरु भएयता कम्तीमा ४१ हजार ८७० जनाको ज्यान गइसकेको छ । जसमध्ये अधिकांश सर्वसाधारण रहेको हमास नियन्त्रित प्यालेस्टिनी क्षेत्रको स्वास्थ्य मन्त्रालयले जनाएको छ।संयुक्त राष्ट्रसङ्घले यो आँकडालाई भरपर्दो मानेको छ।

एएफपीले मध्य गाजापट्टीको देइर अल-बलाहस्थित एक शिविरमा बस्दै आएकी ५१ वर्षीया विस्थापित मोना अबु नाहललाई उद्धृत गरी लेखेको छ, "यदि मलाई युद्ध एक वर्षसम्म चल्नेछ भने थाहा भएको भए म उत्तरी गाजाबाट कहिल्यै सर्ने थिइनँ। यहाँ पनि जोखिम उत्तिकै छ।

" "हामीसँग अब यी सबै सहन सक्ने ऊर्जा छैन। यो अपमान, भोक र विस्थापन सहनुको साटो म मेरो भत्किएको घरमाथि पाल टाँगेर बस्थेँ," उहाँ भन्नुभयो । "अक्टोबर ७ मा संसार नै बन्द भएको जस्तो लाग्छ,' अर्का विस्थापित २६ वर्षीय इस्रा अबु मतारको भनाइ एएफपीले उद्धृत गरेको छ।

"बम बारी र गोलाबारीको आवाजको त्रासका साथै आफ्ना छोराछोरीलाई भोकाएको, डराएको, दुःस्वप्न देखेको र दिनरात चिच्याइरहेको देखेर म निराश बनेको छु।"गाजा र लेबनानमा जारी द्वन्द्वसँगै इरानसँग युद्धको खतरा पनि बढेको छ। इजरायलले गत साता (सेप्टेम्बर २७) बेरूतमा हिज्बुल्लाहका नेता हसन नसरल्लाह र इरानी जनरल अब्बास निलफरहानको मृत्युको बदलामा इजरायलमाथि २०० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको थियो।

इजरायलका रक्षामन्त्री योआभ ग्यालेन्टले इरानलाई गाजा वा बेरुतजस्तो देखिन सक्ने चेतावनी दिनुभएको छ भने तेहरानले इजरायलको कुनै पनि सम्भावित प्रतिशोधको प्रतिकार गर्ने योजना तयार पारेको बताएको छ।

इरान आणविक हतियार भएको इस्लामिक राष्ट्र हो । इरानसँग द्वन्द्व बढ्नु इजरायल वा अन्य कुनै युद्धमा सम्मिलित राष्ट्रका लागि मात्र जोखिम नभई यस क्षेत्रकै सुरक्षा चुनौती हो । (यो लेख विभिन्न समाचार संस्था र अन्य सङ्घसंस्थाबाट प्राप्त विवरणमा तयार पारिएको हो)

> इजरायलका रक्षामन्त्री योआभ ग्यालेन्टले इरानलाई गाजा वा बेरुतजस्तो देखिन सक्ने चेतावनी दिनुभएको छ भने तेहरानले इजरायलको कुनै पनि सम्भावित प्रतिशोधको प्रतिकार गर्ने योजना तयार पारेको बताएको छ ।

# इजरायलविरुद्धको आक्रमणका लागि इरानी कमाण्डर सम्मानित

एएफपी

तेहरान। इजरायलमाथि गरेको क्षेप्यास्त्र आक्रमणका लागि इरानले वायु सेनाका कमाण्डरलाई सम्मानित गरेको छ। इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको वेबसाइटका अनुसार सर्वोच्च नेताले 'रिभोल्युसनरी गाईस'का 'एयर स्पेस कमान्डर'लाई इजरायलमाथि गरेको क्षेप्यास्त्र आक्रमणका लागि विभूषित गर्नुभएको छ।



"अयातुल्लाह खामेनीले गार्ड्स एरोस्पेस फोर्सका कमान्डर जनरल अमिराली हाजिजादेहलाई अर्डर अफ फाथ अर्थात् 'विजयको लागि सम्मान' द्वारा विभूषित गर्नुभएको छ," विज्ञप्तिमा भनिएको छ।वेबसाइटमा जनाइएअनुसार यो विभूषण 'ईमान्दारिता र राष्ट्रिय गौरब' का क्षेत्रमा योगदान पुऱ्याएबापत प्रदान गरिएको हो।

६२ वर्षीय हाजिजादेहले सन् २००९ मा स्थापना भएदेखि इरानी सेनाको एयरोस्पेस युनिटको नेतृत्व गर्दै आउनुभएको छ। इजरायली हवाई हमलामा हिजबुल्लाहका प्रमुख हसन नसरल्लाह र आईआरजीसीका शीर्ष जनरल अब्बास निलफरहानको मृत्यु भएको बदलामा इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) ले गत मंगलबार इजरायलमाथि करिब २०० क्षेप्यास्त्र प्रहार गरेको थियो।

गत अप्रिलमा दमास्कसस्थित इरानको वाणिज्य दूतावासमा भएको घातक आक्रमणको बदलामा क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेपछि इरानले छ महिनायता इजरायलमाथि गरेको यो दोस्रो प्रत्यक्ष आक्रमण थियो ।इरानले गरेको पछिल्लो क्षेप्यास्त्र आक्रमणको छिट्टै उचित जवाफ दिने इजरायलले बताएको छ।

# लेबनानबाट नौ सयभन्दा बढी अष्ट्रेलियाली नागरिकको उद्धार

सिन्ह्वा

क्यानबेरा । लेबनानमा इजरायलले आफ्नो आक्रमणलाई तीव्र पारेपछि अष्ट्रेलियाले सोमबारसम्ममा ९०० भन्दा बढी आफ्ना नागरिकलाई लेबनानबाट उद्धार गरेको छ।

अस्ट्रेलियाको सरकारी तथ्याङ्क अनुसार अष्ट्रेलिया सरकारको समन्वय तथा सहायता प्राप्त प्रस्थान उडानहरू मार्फत ९०४ भन्दा बढी अस्ट्रेलियालीहरूले सोमबारसम्म लेबनान छोडेका छन्। यसरी उद्धार भएकामध्ये अष्ट्रेलियाली नागरिक, अष्ट्रेलियाबाट लेबनानमा गई बसोबास गर्दै आएका बासिन्दा तथा उनीहरूका परिवारका सदस्यहरू रहेको जनाइएको छ।

अस्ट्रेलिया सरकारले शनिबार अस्ट्रेलियालीहरूका लागि बेरुतबाट साइप्रसका लागि अष्ट्रेलियाली ध्वजाबाहक क्वान्टास र कतार एयरवेजका दुईवटा चार्टर उडानहरू सञ्चालन गरेको थियो। क्वान्टास र कतार एयरवेजले साइप्रसबाट सिड्नीका लागि गरिएका उडानमार्फत् उनीहरूलाई अष्ट्रेलिया पुऱ्याएका थिए।

क्वान्टासको पहिलो उडान आइतबार राति ३४९ अष्ट्रेलियाली लिएर स्वदेशतर्फ उडेको थियो।

अस्ट्रेलियाको प्रशासनका अनुसार अझै तीन हजार ७५० भन्दा बढी अष्ट्रेलियालीहरू लेबनान छोड्न विदेश मामिला विभागमा दर्ता भएका छन् ।सरकारले बेरुत विमानस्थल बन्द हुनसक्ने चेतावनी दिँदै लेबनानमा रहेका अस्ट्रेलियालीहरूलाई देश छोड्न महिनौंदेखि बारम्बार आग्रह गर्दै आएको छ।

# युद्धविरामका लागि इजरायलमाथि 'दबाब' नरोकिने ह्यारिसको भनाइ

एएफपी

वासिङ्टन । अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले इजरायल र अरब नेताहरूलाई बन्धक रिहाइ र गाजामा युद्धविरामका लागि सम्झौता गर्न अमेरिकाले आफ्नो 'दबाब' कम नगर्ने बताउनुभएको छ।



वासिङ्टनले इजरायलसँग मानवीय सहायताका लागि काम गरिरहेको छ र 'बन्धकहरूलाई रिहा गर्ने र युद्धविराम गर्ने सम्झौताको आवश्यकता छ। हामी इजरायल र अरब नेतासहित यस क्षेत्रमा दबाब दिने सन्दर्भमा रोकिने छैनौं," ह्यारिसले सीबीएसको '६० मिनेट्स' लाई दिएको अन्तवार्तामा भन्नुभयो। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले 'सुनिरहनुभएको छैन नि' भनी सीबीएसका बिल ह्वाइटेकरले ह्यारिसलाई अन्तर्वार्ताका क्रममा उहाँको भनाईप्रति प्रतिप्रश्न गर्नुभएको छ । डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिपदका उम्मेदवार ह्यारिसले अमेरिकी प्रयासका कारण इजरायलले त्यस क्षेत्रमा धेरै महत्त्वपूर्ण कामहरू गरेको तर्क गर्नुभयो।

इजरायलमाथि इरानले गरेको क्षेप्यास्त्र आक्रमणको उल्लेख गर्दै उहाँले भन्नुभया, "इजरायललाई यस प्रकारका आक्रमणबाट आफ्नो प्रतिरक्षा गर्न हामीले सक्दो प्रयास गर्नु हामीलाई अनिवार्य छ।गाजामा अक्टोबर ७ मा हमासले एक्कासी गरेको एक बर्षको सन्दर्भमा इजरायल उच्च सतर्कतामा छ ।इजरायलले लेबनानमा हमासको इरानसमर्थित सहयोगी हिजबुल्लाहतर्फ आफ्नो ध्यान केन्द्रित गरेको छ र इरानी क्षेप्यास्त्र आक्रमणको बदला लिने प्रतिबद्धता जनाएको छ।

गत वर्ष अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूहले इजरायलमाथि गरेको आक्रमणमा परी एक हजार २०५ जनाको मृत्यु भएको थियो। इजरायलको जवाफी कारबाहीमा गाजामा कम्तीमा ४१ हजार ८७० जनाको मृत्यु भएको छ । दुव पक्षले गरेका आक्रमण र कारबाहीका क्रममा अधिकांश सर्वसाधारणको मृत्यु भएको थियो।

ह्विटेकरले नेतन्याहू अमेरिकाको 'वास्तविक र घनिष्ठ सहयोगी' हो वा होइन भनी सोधेको प्रश्नमा ह्यारिसले भन्नुभयो, "राम्रो प्रश्न के हो भने के अमेरिकी जनता र इजरायली जनताबीच महत्वपूर्ण गठबन्धन छ ? र उक्त प्रश्नको जवाफमा कुनै दोधार छैन । अमेरिकी र इजरायली जनताबीच अत्यन्त्यै राम्रो सम्बन्ध छ।

# माल्दिभ्सका राष्ट्रपति मुइज्जु भारत भ्रमणमा

एएनआई

नयाँदिल्ली। माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु पाँच दिने द्विपक्षीय भ्रमणका लागि भारतको नयाँदिल्ली आइपुग्नुभएको छ।

राष्ट्रपति मुइज्जुलाई राजधानी नयाँदिल्लीस्थित राष्ट्रपति भवनमा औपचारिक स्वागत गरिएको स्रोतले जनाएको छ। राष्ट्रपति द्रौपदी मुर्मू, प्रधानमन्त्री नरेन्द्र मोदीले मालदिभ्सका राष्ट्रपति मुइज्जु र प्रथम महिला साजिद मोहम्मदलाई सोमबार बिहान राष्ट्रपति भवनमा स्वागत गर्नुभएको छ।

राष्ट्रपति मुइज्जु र प्रथम महिला साजिदा मोहम्मदले सोमबार नै नयाँदिल्लीको राजघाट पुगी महात्मा गान्धीको समाधीस्थलमा श्रद्धाञ्जलि अर्पण गरी आगन्तुक पुस्तिकामासमेत हस्ताक्षर गर्नु भएको छ ।भारतको भ्रमणमा रहनुभएका मुइज्जुले सोमबार राष्ट्रिय राजधानीको हैदराबाद हाउसमा प्रधानमन्त्री मोदीसँग द्विपक्षीय वार्ता गर्ने कार्यक्रम तय भएको छ। राष्ट्रपति मुइज्जु माल्दिभ्सकी प्रथम महिलासहित आफ्नो पहिलो द्विपक्षीय भ्रमणका लागि आइतबार भारत आइपुग्नुभएको हो।

मुइज्जुले आइतबार राष्ट्रिय राजधानीमा विदेश मन्त्री एस जयशङ्करसमक्ष भेटवार्ता भएको थियो। जयशङ्करले मालदिभ्सका राष्ट्रपतिको भारत भ्रमणका लागि स्वागत गर्न पाउँदा खुसी व्यक्त गर्नुभएको थियो भने राष्ट्रपति मुइजुले आफु लगायत आफ्नो प्रतिनिधिमण्डलको न्यानो स्वागतका लागि भारत सरकारप्रति कृतज्ञता व्यक्त गरेको माल्दिभ्सको राष्ट्रपति कार्यालयबाट जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।द्विपक्षीय बैठकमा जयशङ्कर र मुइज्जुले दुई देशबिचको प्रगाढ सम्बन्धलाई बढावा दिनेबारे छलफल गरेको माल्दिभ्सको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

यसका साथै राष्ट्रपतिले मुइज्जुले प्रथम महिला साजिद मोहम्मदसँगै नयाँ दिल्लीमा बसोबास गर्ने माल्दिभ्स समुदायसँग पनि भेटवार्ता गरेको स्रोतले जनाएको छ। अन्तरक्रियाको क्रममा उहाँले माल्दिभ्स समुदायको कल्याण र चुनौतिहरू सम्बन्धि मुद्दाहरू सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। यस वर्षको जुन महिनामा प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा सहभागी भएपछि मुइज्जुको यो दोस्रो भारत भ्रमण हो।

# इरानको हवाई यातायात पुनः सञ्चालन

एएफपी

तेहरान । इजरायलले इरानल गरेको क्षेप्यास्त्र आक्रमणको बदला लिने प्रतिबद्धता जनाएपछि केही विमानस्थलमा उडान स्थगित गरिएको तर स्थितिको मूल्याङ्कनपछि हवाई यातायात पुनः सञ्चालन गर्ने घोषणा गरेको इरानका अधिकारीहरूले सोमबार जनाएका छन्।

इरानको नागरिक उड्डयन संगठनका प्रवक्ता जाफर याजार्लूले स्थानीय समयअनुसार आइतबार राति ११ बजेदेखि पुनः उडान सञ्चालन भइरहेको र उडान तालिकाअनुसार भइरहेको जानकारी दिनुभयो ।

इरानले गत मंगलबार इजरायलमाथि दोस्रो प्रत्यक्ष हमलामा करिब २०० क्षेप्यास्त्र प्रहार गरेको थियो, जुन इरानको रिभोल्युसनरी गार्ड्सका एक जनरलसहित तेहरान समर्थित लडाकू नेताहरूको हत्याको प्रतिशोध थियो।

त्यसयता इजरायलले इरानको आक्रमणको जवाफ दिने बताउँदै आएको छ।

इरानले सुरुमा मङ्गलबार रातिदेखि बिहीबार बिहानसम्म दुई दिनभन्दा कम समयका लागि आफ्नो हवाई क्षेत्र बन्द गरेको थियो ।त्यसपछि उड्डयन निकायले आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानहरू सुरक्षाको कारण देखाउँदै पुनः नखुल्दासम्म ग्राउन्डेड गरिएको घोषणा गरेको थियो।

युरोपेली सङ्घ उड्डयन सुरषा निकायले युरोपेली एयरलाइन्सलाई अक्टोबर ३१ सम्म इरानी हवाई क्षेत्र प्रयोग नगर्न सुझाव दिएको छ।


# खेलाडीलाई उपचार खर्च

काठमाण्डु । राष्ट्रिय खेलाडी कल्याणकारी कोषले दुई कराते खेलाडीलाई स्वास्थ्य उपचारका लागि सोमबार आर्थिक सहयोग उपलब्ध गराएको छ। कोषले सिद्धिकीताज बबरलाई रु एक लाख ५० हजार तथा विपिनराजसिंह दर्जीलाई ७५ हजार प्रदान गरेको हो। सिद्धिकी सवारी दुर्घटना परी घाइते भएका थिए भने विपिन मिर्गौलाको समस्याबाट पीडित छन्।



कोषका अध्यक्षसमेत रहेका राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङले खेलाडीलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गर्नुभयो ।सो अवसरमा कोषका सदस्यसचिव एवं नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घका अध्यक्ष दीपक श्रेष्ठ, राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्ट, नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) का उपनिर्देशक एवं शारीरिक सुगठनका मुख्य प्रशिक्षक राजेन्द्ररत्न तुलाधरको उपस्थिति थियो।

# भाउ सस्तिएपछि च्याङ्ग्राको व्यापार बढ्यो



गलकोट । बागलुङमा यस वर्ष ढिलोगरी मुस्ताङी च्याङ्ग्रा भित्रिएको छ । आइतबार ११ दिनको यात्रापछि मुस्ताङका च्याङ्ग्रा किसान छ्यात्तो गुरुङ र छेक्तेन गुरुङले बागलुङमा १०४ वटा च्याङ्ग्रा ल्याउनुभयो ।

तीन दिनअघि बागलुङका च्याङ्ग्रा व्यापारी महेन्द्र केसीले ७४ च्याङ्ग्रा भित्र्याउनुभएको थियो । मुस्ताङी च्याङ्ग्राको मूल्यमा गिरावट आएपछि माग बढेको हो । एक सय चार वटा च्याङ्ग्रामध्ये ५० च्याङ्ग्रा बागलुङ आइपुग्दै बिक्री भइसकेको छ्याङ्तो गुरुङले बताउनुभयो । मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ छोसेरबाट ११ दिन लगाएर बागलुङमा च्याङ्ग्रा ल्याएको गुरुङको भनाइ छ ।

गत वर्ष रोज्जा च्याङ्ग्रालाई रु ५५ हजारमा बिक्री गरेको बताउँदै यो वर्ष रु ४५ हजारमा बिक्री गरिरहेको बताउनुभयो । "छोसेरबाट हिँडेर ११ दिनमा बागलुङ आइयो, बाटोमै ५० च्याङ्ग्रा बिक्री भइसके, अझै ५४ च्याङ्ग्रा रहेका छन्, अहिले च्याङ्ग्राको भाउ सस्तिएका कारण व्यापार फष्टाएको छ", गुरुङले भन्नुभयो, "परम्परागतरुपमा पाल्दै आएको च्याङ्ग्रा बिक्रीका लागि आफैँ बिक्री गर्दै आएको छु, आफैँ च्याङ्ग्रा उत्पादन र आफैँ बिक्री गर्दा नाफा धेरै हुन्छ ।"

कोसेलीका लागि र दसैंमा च्याङ्ग्राको मासु खाने चलनका कारण मुस्ताङको च्याङ्ग्रा बिक्रीका लागि म्याग्दी, बागलुङ, पर्वत हुँदै पोखरासम्म पुग्ने गरेको छ । च्याङ्ग्राको मूल्यमा १० देखि १५ हजारसम्म घटेकाका कारण चाँडो व्यापार भएको च्याङ्ग्रा व्यापारी छेक्तेन गुरुङले जानकारी दिनुभयो ।

बागलुङमा महेन्द्र केसीले भित्र्याउनुभएको ७४ च्याङ्ग्रामा १६ वटा बिक्री भइसकेको बताउनुभयो ।

गत वर्ष च्याङ्ग्राको व्यापार घट्दा यस वर्ष बागलुङका थोरै च्याङ्ग्रा व्यापारी बागलुङबाट मुस्ताङ पुगेर च्याङ्ग्रा खरिद गरेको केसीले जानकारी दिनुभयो ।

च्याङ्ग्राको माग उच्च भएको र आयात थोरै हुँदा भाउ महङ्गो भएपछि यस वर्ष केही सस्तो भएको हो ।

हिमाली क्षेत्रको जडीबुटी खाएकाले स्वादिलोसँगै स्वास्थ्यका लागि फाइदा हुने भन्दै प्रायः उपभोक्ताले दसैंमा भेडाच्याङ्ग्रा खोज्ने केसीले जनाए ।रासस

# लेकबेंसीमा कमाउनेको संख्या बढी

सुर्खेत । मुलुकको विद्यमान बेरोजगारी समस्या तथा परिवारमा कमाउनेभन्दा आश्रित जनसंख्या धेरै रहेका कारण अपेक्षित रुपमा गरिबी निवारणको लक्ष्य हासिल हुन नसकिरहेको भन्ने तर्कलाई सुर्खेतको लेकबेंसी नगरपालिकाले गलत सावित गरेको छ ।नगरपालिकामा आश्रित जनसंख्या भन्दा कमाउनेको संख्या बढी रहेको पाइएको छ ।

विसं २०७८ को जनगणनाअनुसार लेकबेंसी नगरपालिकामा सक्रिय उमेर समूह १५ देखि ५९ उमेर समूहको जनसंख्या एक लाख २२ हजार तीन सय ४९ रहेको छ । यो कूल जनसंख्याको ६१।८ प्रतिशत हो । यो तथ्याङ्कले पालिने ९आश्रित० भन्दा बढी कमाउने जनसंख्या भएको देखाउँछ । नगरपालिकाभर आश्रित ज्येष्ठ नागरिकको जनसंख्याको अनुपात ९ दशमलव ९ प्रतिशत छ ।

नगरपालिकाको जनसाङ्ख्यिक प्रतिवेदन २०८१ अनुसार सय जना काम गर्ने उमेरका व्यक्तिसँग १० जना ज्येष्ठ नागरिकको जनसंख्याको जिम्मेवारी रहेको देखिन्छ । लेकबेंसीमा बाल आश्रित अनुपात ४४।९५ प्रतिशत रहेको छ ।

तथ्याङ्कअनुसार बालआश्रित र ज्येष्ठ आश्रित गरी ३८।२ प्रतिशत जनसंख्या आश्रित छ तर कमाउने जनसंख्या ६१।८ प्रतिशत रहेको छ । नगर प्रमुख उमेशकुमार पौडेल आश्रित जनसंख्याको तुलनामा सक्रिय जनसंख्या वृद्धि हुनुलाई सकारात्मक रुपमा लिनुपर्ने बताउनुहुन्छ । सक्रिय अर्थात युवाहरुको जनसंख्या बढेको तथ्याङ्क सार्वजनिक भएपछि नगरपालिकाले आगामी वार्षिक नीति, कार्यक्रम तथा बजेटमा युवा स्वरोजगार कार्यक्रम समावेश गर्ने नगरपालिकाको लक्ष्य रहेको छ ।

प्रदेश राजधानी वीरेन्द्रनगरको पूर्वी भेगसँगै जोडिएको यो नगरपालिकामा कूल ३१ हजार सात सय १० जनसंख्या रहेको लेकबेंसीमा दलित र जनजाति समुदायको बाहुल्यता रहेको छ । यो व्यावसायिक कृषि र पशुपालनमा राम्रो सम्भावना बोकेको क्षेत्र हो । 'युवाका लागि उद्यमशील कृषि तथा पशुपालन आवश्यक छ, आयआर्जनमा जोड्न समयानुकूल आधुनिक कृषि प्रणालीमा आधारित तालिमसँगै उद्यमी बन्न चाहनेलाई नगरपालिकाले प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने सोचमा छौँ, नगर प्रमुख पौडेलले भन्नुभयो ।

जनसाङ्ख्यिक प्रतिवेदनले नीति, कार्यक्रम तथा बजेट निर्माणमा सघाउने अपेक्षा



राखिएको छ । नगर उपप्रमुख बिमला खड्लुक प्रतिवेदनबाट हरेक वडाका सूचकको आधारमा योजना निर्माण गर्न सहज हुने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यसअघि हामीले अन्दाजका भरमा योजना निर्माण गरेका थियौँ, यसबाट खासै प्रभावकारिता देखिएको थिएन । आधिकारिक तथ्याङ्क नहुँदा लक्षित वर्ग छुट्नुपर्ने अवस्था थियो, अब यसको अन्त्य हुनेछ ।"

नगरपालिकाको विकास र समृद्धिको लागि सबैभन्दा उपयुक्त जनसाङ्ख्यिक संरचना अहिले प्राप्त भएको विज्ञहरु बताउँछन् । जनगणना २०७८ ले समग्र लेकबेंसी नगरपालिकाको जनसाङ्ख्यिक संरचनामा आश्रितभन्दा कमाउने धेरै रहेको बताउनुहुन्छ, राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक ढुण्डिराज लामिछाने । 'नगरपालिकाको जनसंख्याको बहुआयामिक पक्षहरु समेटिएको प्रतिवेदनबाट क्षेत्रगत नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न विशेष सहयोग पुग्नेछ, उहाँले भन्नुभयो, "सबैभन्दा तल्लो प्रशासनिक एकाइ अर्थात वडा तहसम्मको विस्तृत विवरण समावेश भएकाले नगरपालिकाले टोल बस्तीसम्म लक्षित कार्यक्रम लैजान सक्नेछ ।"

जनसाङ्ख्यिक प्रतिवेदनबाट स्थानीय तहको शोध, अध्ययन र अनुसन्धान गर्नेहरुका लागि एकीकृत जनसाङ्ख्यिक तथ्याङ्क उपलब्ध हुने निर्देशक लामिछानेले बताउनुभयो । 'नमूनाका रुपमा छनोट गरिएका लेकबेंसी नगरपालिका र सिम्ता गाउँपालिका आधारमा अन्य पालिकाले पनि तथ्याङ्क प्रणाली लागू गरुन् भन्ने उद्देश्यले जनसाङ्ख्यिक प्रतिवेदन तयार पारिएको हो,' उहाँले भन्नुभयो, जनगणनाको तथ्याङ्कका आधारमा कर्णालीका दुई स्थानीय तह लेकबेंसी नगरपालिका र सिम्ता गाउँपालिका छनोट गरी राष्ट्रिय तथ्याङ्क कार्यालयले बेलायत सरकारद्वारा सञ्चालित विकासका लागि तथ्याङ्क कार्यक्रमको प्राविधिक सहयोगमा जनसाङ्ख्यिक प्रतिवेदन २०८१ तयार पारेको हो । राष्ट्रिय तथ्याङ्क कार्यालयले लुम्बिनी, बागमती, कोशी र मधेस प्रदेशका दुई/दुईवटा स्थानीय तहमा पनि नमूनाका रुपमा जनसाङ्ख्यिक प्रतिवेदन तयार गरिरहेको छ ।

**महिला परिवारमूलीको संख्या बढ्यो**

नगरपालिकामा घरमूलीको रुपमा महिलाको संख्या बढेको देखिएको छ । नगरपालिकाको कूल सात हजार ४४१ परिवारमध्ये दुई हजार ५९५ अर्थात् ३४ दशमलव ९ प्रतिशत परिवारमा महिला परिवारमूली रहेका छन् ।

तथ्याङ्कअनुसार नगरका १० वडामध्ये वडा नं ३ मा सबैभन्दा बढी ५१ प्रतिशत परिवारमा महिला नै घरको मुख्य सदस्य अर्थात घरमूली भएर घरव्यवहार सम्हालिरहेका छन् । नगर उपप्रमुख खड्लुक भन्नुहुन्छ, "भौगोलिक रुपमा सुगम र शिक्षाको सहज पहुँच भएका सहरी क्षेत्रमा महिला घरमुली बढिरहेको पाइएको छ, गरिबी, अशिक्षा, सामाजिक चेतनाको कमीसँगै भौगोलिक कारणले अझै पनि महिलाहरु घरमुलीको रुपमा देखिन चाहनुहुन्न ।" कतिपय अवस्थामा श्रीमान् घरमा नभए पनि श्रीमान्कै नाम टिपाउने प्रचलन छ । यसो हुँदा एकल महिला मात्रै घरमुली देखिँदा तथ्याङ्कमा कम देखिएको हो ।

वडा नं ३ का अध्यक्ष लीलाराम अधिकारी बेरोजगारीका कारण पुरुष स्वदेश तथा विदेशमा काम गर्न गएपछि घरको जिम्मेवारी महिलाको काँधमा आएको बताउनुहुन्छ । कतिपय अवस्थामा महिलाहरु सशक्त हुँदै गएकाले पनि घरको जिम्मेवारी सम्हालेको उहाँको भनाइ छ । 'केही स्थानमा पुरुषहरु रोजगारीका लागि बाहिर भएकाले महिलाले नै घरको जिम्मेवारी सम्हालेका छन्,' उहाँले भन्नुभयो, "अहिले महिलामा जागरण पनि आएको छ, उनीहरु पनि घरको कामको निर्णय आफैँ लिनसक्ने भएका छन् ।

"नगरको तथ्याङ्कअनुसार वडा नं ३ मा बसोबास गर्ने परिवारको संख्या पाँच सय ८८ छ । यसमध्ये एक सय ९० परिवार अनुपस्थित स्वदेश र एक सय ९७ परिवार विदेश गएको जनसंख्या रहेको तथ्याङ्कमा देखिन्छ । तथ्याङ्कअनुसार नगरपालिकामा कम्तीमा एक जना विदेश अनुपस्थित रहेको जनसंख्या २४ दशमलव ४ प्रतिशत छ । सुर्खेत जिल्लाभर यो जनसंख्या कूल जनसंख्याको २१ दशमलव २ प्रतिशत रहेको जनसाङ्ख्यिक प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, नगरपालिका-५ मा सबैभन्दा कम १२ दशमलव ३ प्रतिशत परिवारमा महिलामूलि रहेका छन् । । वडा नं ५ का अध्यक्ष चक्रबहादुर शाहीले वडाका महिलामा जनचेतनाको कमी भएका कारण पनि पुरुष नै घरमूली हुने गरेको बताउनुहुन्छ । उहाँका अनुसार महिलाले पुरुष घरमा नभए पनि घरमूलीका रुपमा पुरुषकै नाम टिपाउने र उनीहरुलाई नै अगाडि सार्ने भएका कारण महिला पछाडि परेका हुन् । 'वडामा महिला आफैँ निर्णय लिनका लागि अगाडि सर्दैनन्,' उहाँ भन्नुहुन्छ,"आर्थिक, सामाजिक, धार्मिक र परम्परागत रुपले पनि महिलाले पुरुषलाई नै मूलीका रुपमा मान्ने गर्छन् ।"

**२५ प्रतिशत बालविवाह**

कानुनतः बालविवाह गैरकानुनी हो । उमेर नपुगी अर्थात २० वर्ष नपुगी हुने विवाह कानूनतः स्वतः रद्द हुन्छ । तर, सुर्खेतको लेकबेंसी नगरपालिकामा उमेर नपुग्दै हुने विवाह उच्च रहेको पाइएको छ । नगरपालिकाको जनसाङ्ख्यिक प्रतिवेदन २०८१ मा उमेर नपुगी विवाह गर्नेको संख्या २५ दशमलव ३ प्रतिशत रहेको देखाएको हो । यसमा पुरुषभन्दा उमेर नपुगी विवाह गर्ने किशोरीको संख्या तेब्बरले बढी रहेको तथ्याङ्कले देखाउँछ ।रासस

# नेप्से परिसूचकमा ३७ अङ्कको वृद्धि

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकको उकालो यात्रा जारी छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक सोमबार ३७ दशमलव १३ अङ्कले उकालो लागेर दुई हजार ६९० दशमलव ७२ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक सात दशमलव ३२ अङ्कले उकालो लागेर ४८३ दशमलव ७८ मा पुगेको छ । कारोबार भएका १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर मूल्यमा गिरावट हुँदा ११ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

कुल एक करोड ५८ लाख ४५ हजार ४४९ कित्ता शेयर रु सात अर्ब नौ करोड ५९ लाख ५३ हजार २७ मूल्यमा खरिद बिक्री भए ।नेप्सेका अनुसार, श्री स्टार हाइड्रोपावर नौ दशमलव ९३, डोल्टी पावर कम्पनी नौ दशमलव ६८, एनआइसी एसिया फ्लेक्सी क्षप फन्ड आठ दशमलव ८०, जोशी हाइड्रोपावर आठ दशमलव ४२ र पिपल्स हाइड्रोपावरका लगानीकर्ताले सात दशमलव ५९ कमाएका छन् ।

यस्तै, इस्टर्न हाइड्रोपावरको शेयरमा सोमबार नकारात्मक सर्किट लागेको छ ।रासस

# गरिमा क्यापिटल लिमिटेड र स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड बीच प्रत्याभूतिकर्ता नियुक्ति सम्बन्धी सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु । गरिमा क्यापिटल लिमिटेड र स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड बीच आइतबार आइपिओ प्रत्याभूति व्यवस्थापनको कार्य गर्ने सम्बन्धी सम्झौता भएको छ । इन्स्योरेन्स कम्पनीले आइपिओ निष्काशन गर्न लागेको कुल कित्ता २२ लाख ५० हजारको १०० का दरले हुन आउने कुल रकम बाइस करोड पचास लाख रुपैयाँ बराबरको प्रत्याभूति गर्ने सम्झौता भएको छ ।



गरिमा क्यापिटल लिमिटेडको कमलपोखरी स्थित प्रधान कार्यालयमा क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निर्मल भट्टराई र स्टार माइक्रो इन्स्योरेन्स कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विश्व राम तिमिलाले असोज २० गते उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् । स्टार माइक्रो इन्स्योरेन्स कम्पनी २०७९ पुष १४ मा दर्ता भइ २०८० भदौ १ गतेदेखि निर्जीवन लघु बीमाको इजाजत पत्र प्राप्त गरीलघु निर्जीवन बीमा सम्बन्धी कारोबार सञ्चालन गर्दै आइरहेको छ । गरिमा विकास बैंकको सहायक कम्पनी गरिमा क्यापिटल नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर हो ।

यस संस्थाले हाल लगानी व्यवस्थापन सेवा, निक्षेप सदस्य डिम्याट तथा मेरोशेयर खाता सम्बन्धी) तथा धितोपत्र अण्डरराइटिङ सेवाप्रवाह गर्दै आएकोमा निकट भविष्यमा नै कोष सुपरिवेक्षक र कोष प्रवर्द्धकको प्रचलित कानुन बमोजिम आवश्यक स्वीकृति लिई गरिमा म्युचुअल फण्ड अन्तर्गत विभिन्न बन्दमुखी तथा खुल्लामुखी योजनाहरु क्रमशः दर्ता तथा सञ्चालन गर्दै अगाडी बढाउने जानकारी समेत गराएको छ। गरिमा क्यापिटल लिमिटेडका सम्पूर्ण सेवाहरु ग्राहक समक्ष पुऱ्याउन गरिमा विकास बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरुबाट सहजिकरण हुँदै आएको छ ।

यस संस्थाले आफ्ना सेवाहरु अझ परिस्कृत र ग्राहकमैत्री तवरबाट प्रवाह गर्नको लागी अन्य व्यवसायिक साझेदारी सम्झौताहरु मार्फत नवीनतम प्रविधिहरुको प्रयोग गर्दै अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# बाढीका कारण प्रभावित भएका सामसङ प्रदत्तहरुलाई सहयोग अभियान

**टुडे समाचारदाता**

काठमाण्डु । अविरल बर्खाको वर्षाले नेपालका धेरै क्षेत्रमा बाढी र पहिरोको असर परेको छ । मानिसहरूको घरमा पानी जम्माहुँदा सामसङ प्रदत्तहरूमा क्षति पुऱ्याएको छ ।

ग्राहकहरूलाई सहयोग गर्न, सामसङले फ्लड केयर २०२४ अभियान सुरु गरेको छ जसअन्तरगत पानीले क्षति पुगेका सामसङका प्रदत्तहरूको मर्मत-श्रम र पार्टपुर्जाहरू बिना कुनै शुल्क उपलब्ध गराउने बताइएको छ । उक्त सेवा वारेन्टी अवधि भित्र रहेका पानी क्षतिग्रस्त सामसङ प्रदत्तहरूको लागि लागू हुने जनाइएको छ ।

यस अभियानको साथ, यी क्षेत्रहरूमा बाढीबाट प्रदत्तहरू प्रभावित भएका सामसङ ग्राहकहरूको लागि समर्थन विस्तार गर्ने संस्थाले जनाएको छ ।

# नेपाल लाइफद्वारा हामीलाई त बडा दशैं लाग्यो है ! नामक टिकटक प्रतिस्पर्धाको आयोजना

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले बडा दशैंको विशेष अवसर पारेर हरेक नेपालीको उत्साहमा उमङ्ग थप्न टिकटक प्रतिस्पर्धाको आयोजना गरेको छ ।बडा दशैंको उत्साहमा अझै उमङ्ग थप्न नेपाल लाइफ इन्स्योरेन्सले हामीलाई त बडा दशैं लाग्यो है ! नामक टिकटक प्रतिस्पर्धाको आयोजना गरेको हो।

हामीलाई त बडा दशैं लाग्यो है ! नामक यस टिकटकको जिङ्गलमा सहभागी प्रतिस्पर्धीहरुले आ-आफ्नो रचना प्रस्तुत गर्नुपर्नेछ ।नेपाल लाइफबाट उपलब्ध जिङ्गलमा टिकटक बनाएर अपलोड गर्ने मध्ये उत्कृष्ट तीन प्रतिस्पर्धीहरुलाई क्रमश रु. ३० हजार, २० हजार र १० हजार नगद पुरस्कार प्रदान गरिनेछ। विजेता चयन भ्युज, लाइक, सेयर र प्रस्तुतिको आधारमा तय हुनेछ भने यस टिकटक प्रतिस्पर्धामा देशैभरबाट इच्छुक सबैलाइ २०८१ असोज १७ गतेदेखि कार्तिक २४ गतेसम्म सहभागी हुनसक्नुहुनेछ ।




दशैंले ल्याएको उत्साहसँगै नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले ल्याएको यस मनोरञ्जनात्मक कार्यक्रममा उल्लेख्य सहभागिताको अपेक्षा गरिएको छ ।सबैको लागि यो बडा दशैं रमाइलो रहोस् भन्ने कामना सहित यो मनोरञ्जनात्मक कार्यक्रममा आफ्नो रचनात्मक प्रस्तुति देखाएर उपहार जित्नको लागि नेपाल लाइफले आह्वान गरेको छ ।


मधेश प्रदेश सरकार

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र

गौर, रौतहट

## खामबन्दी प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२२**

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल वमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक लक्षित वर्गले आवेदन पेश गरेको कार्यक्रमको नाम स्पष्ट खुलाइ माँग गरिएको कागजात सहित प्रथम पटक प्रकाशित मितिले २१ औं दिन (२०८१/०७/१२ गते) कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र रौतहटमा खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । थप जानकारीको लागि https://akcrautahat.madhesh.gov.np मा सम्पर्क गर्न सकिनेछ । बिस्तृत जानकारीको लागि ९८५५०२४००१, ०५५५२०००१ लाई सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| सूचना नं. | कार्यक्रमहरुको नाम | लक्षित वर्ग | पेश गर्दा चाहिने कागजातहरु |
|---|---|---|---|
| ०१-२०८१/०८२ | दलहन बाली प्रवर्द्धन कार्यक्रम | कृषक/ समूह/ सहकारी | • रु.१० को टिकट टाँस सहितको फारम ।<br>• नागरिकताको प्रतिलिपी अथवा संस्थाको हकमा कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।<br>• समूह/सहकारी संस्थाको हकमा दर्ता , प्यान नं., आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, संस्थाको, निर्णय ।<br>• स्थानिय तहको कृषि विकास शाखा वा वडा कार्यालयबाट सिफारिस पत्र ।<br>• व्यवसायिक रुपमा दलहन बाली खेती गर्न ईच्छुक कृषकको हकमा कम्तीमा १० कठ्ठा तथा कृषक समूह/सहकारीको हकमा ३ विघा क्षेत्रफल भएको लालपूर्जा फोटोकोपी वा लिजको जग्गा भएमा करारनामा पत्र ।<br>• सम्बन्धित बालीको कार्ययोजना तथा प्रस्तावित त्रियाकलाप सहितको लागत अनुमान र स्व-घोषणापत्र । |
| ०२-२०८१/०८२ | तेलहन बाली प्रवर्द्धन कार्यक्रम | कृषक/ उद्यमी/ समूह/ सहकारी | • रु.१० को टिकट टाँस सहितको फारम ।<br>• नागरिकताको प्रतिलिपी अथवा संस्थाको हकमा कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।<br>• उद्यमी/समूह/सहकारी संस्थाको हकमा दर्ता , प्यान नं., आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, संस्थाको, निर्णय ।<br>• स्थानिय तहको कृषि विकास शाखा वा वडा कार्यालयबाट सिफारिस पत्र ।<br>• व्यवसायिक रुपमा तेलहन बाली खेती गर्न ईच्छुक कृषकको हकमा कम्तीमा १० कठ्ठा तथा उद्यमी/ समूह/सहकारीको हकमा ३ विघा क्षेत्रफल भएको लालपूर्जा फोटोकोपी वा लिजको जग्गा भएमा करारनामा पत्र ।<br>• सम्बन्धित बालीको कार्ययोजना तथा प्रस्तावित त्रियाकलाप सहितको लागत अनुमान र स्व-घोषणापत्र । |

**नोट**: अधिकत्तम अनुदान प्रकाशित कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ अनुसार हुनेछ तथा अनुदानको सिमा उल्लेख नगरिएको हकमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ अनुसार हुनेछ । एक व्यक्ति/संस्थाले कुनै दुई कार्यक्रममा मात्र आवेदन गर्न सक्नेछ । गत बिगत दुई आ.व. भित्र कुनै विषयमा अनुदान पाईसकेको व्यक्ति/संस्थाले सोही बिषयमा पुनः अनुदान पाउने छैन । झुटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द गरीनेछ । प्रस्ताव स्वीकृति गर्ने सम्वन्धित सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा सुरक्षित रहने छ ।

**कार्यालय प्रमुख**

# ‘रेलका पुराना र दुर्लभ इन्जिनको संग्रहालय स्थापना गरिने’

**टुडे समाचारदाता**

जनकपुरधामाजनकपुरधामस्थितरेल्वे स्टेसनलगायत खजुरीमा पुराना तथा दुर्लभ रेलका इन्जिनहरुको संरक्षण गर्नका लागि संग्रहालय स्थापना गरिने बताइएको छ।

जनकपुरधाममा सोमबार मुख्यमन्त्री सतीशकुमार सिंहले अनुगमनको क्रममा नेपाल रेल्वे कम्पनी लिमिटेडको पुरानो कारखाना (मर्मत केन्द्र) मा थान्कोमुन्को लगाइएका आठवटा वाष्प इन्जिनको निरीक्षण गर्दै संग्रहालय स्थापना गरिने बताए।



धनुषाको जनकनन्दिनी गाउँपालिका-४ स्थित खजुरीमा नेपाल रेल्वे कम्पनी लिमिटेडको पुरानो कारखाना (मर्मत केन्द्र) मा थन्किएका आठवटा वाष्प इन्जिनको निरीक्षण गरेपछि संग्रहालय स्थापनाका लागि तत्कालै योजना ल्याइने बताए।

मुख्यमन्त्री सिंहले ऐतिहासिक महत्वका वाष्प इन्जिनको संरक्षण तथा सम्वर्द्धन गरी पर्यटनसँग जोड्न रेलवे संग्रहालय स्थापना गरिने कुरामा जोड दिँदै सोका लागि संघीय सरकार तथा अन्य सरोकारवाला निकायसँग पहल गर्ने पनि बताए।

भारतबाट गोलिया काठ ओसार्ने उद्देश्यले वि.सं १९९४ मा स्थापना गरी सुरु गरिएको जयनगर-जनकपुर-विजलपुरा रेलसेवा सञ्चालनका लागि सो इन्जिनहरूको प्रयोग गरिएको थियो।

खजुरीमा रहेका रेल्वेका वाष्प इन्जिन नेपालका अतिरिक्त भारत र बेलायतमा मात्र छन्। महावीर, पशुपति, गुहेश्वरी, राम, सीता, जानकी आदि नेपालका महत्वपूर्ण धार्मिक स्थल तथा धार्मिक विभूतिका नाम रहेको छ।

# भूत मेलाको तयारी सम्पन्न

**टुडे समाचारदाता**

जलेश्वर। बडादशैंका बेला अनादि कालदेखि नै भूत मेलाका लागि प्रख्यात महोत्तरीको प्रसिद्ध सोनामाई मन्दिरमा यस वर्ष पनि भूत मेलाको तयारी सम्पन्न भएको छ।



जिल्लाको औरही नगरपालिकामा-७ स्थित सोनामाई शक्तिपीठ परापूर्व कालदेखि नै भूतमेलाको लागि प्रख्यात छ। प्रत्येक वर्ष दशैंमा दश दिनसम्म करिब आठदेखि १० लाख श्रद्धालु भक्तजनले दर्शन गर्ने अनुमान गरिएको छ। सो शक्तिपीठमा चार दिनसम्म चल्ने भूत मेलामै सहभागी हुन मात्रै करीब दुई लाख व्यक्ति आउने हुँदा सो दिनका लागि धामी झाक्री बस्ने ठाउँ, भजन किर्तन स्थल, भक्तजनको रात्रि विश्राम, भूत पिसाच, बोक्साबोक्सी र जादु टुनाबाट पीडित व्यक्ति खेल्ने स्थान र आम भक्तजनले भूत खेलेको हेर्ने स्थानका साथै सूरक्षाको भरपर्दो तयारी गरिएको पूजारी कामेश्वर झाले बताए।

हरेक वर्ष बडादशैंको सप्तमीदेखि सोनामाईमा लाग्ने भूत मेला यस वर्ष पनि धुमधाम साथ लाग्ने तथा सोही मेलाका लागि युवाहरुको एक दस्ताले सबै तयारी पूरा भएको पूजारी झाले बताए। बडा दशैंको सप्तमीदेखि विजयादशमीको दिनसम्म चल्ने भूतमेलामा हजारौं पीडित (कारनी) र दर्शनार्थीको भीड लाग्ने गरिन्छ।

भूत प्रेत, बोक्सा बोक्सी र दुष्ट आत्माले सताइएका हजारौं पीडित प्रत्येक वर्ष सो मेलामा आउने गर्छन् भने सोनामाईको असिम कृपाले निको भएर जाने गरेको धार्मिक विश्वास रहेको छ। वर्षौंदेखि भूत, पिसाच, कालो जादुटुना र बोक्साबोक्सीको कुचक्रमा परेर जीवन मृत्युको दोसाधमा परेकाहरु सोनामाईको सीमा क्षेत्रमा आउने बित्तिकै निको भई आ-आफ्ना घर फर्कने गरेको सहायक पुजारी अरुण झा बताउँछन्।

सो भूत मेलाका लागि टाढा टाढासम्म मेला भर्न महोत्तरी, सर्लाही, धनुषा, सिरहा, रौतहटलगायत नेपालका हेटौंडा, धरान, विराटगर र काठमाण्डुदेखि भारतका सीतामढी, मधुवनी र पटना शहरसम्मका हजारौ पीडित महिला तथा पुरुष पुग्ने गरेको अर्का पूजारी झगरु झा बताउँछन।

घर घरमा भूतप्रेतले रातदिन दू:खी र पीडित भएका कारनी (पीडित) हरु आ-आफ्ना घरबाट रुँदै कराउँदै दर्शन गर्न आउँछन् भने सोनामाई शक्तिपीठबाट पीडामूक्त भइ हाँस्दै जाने गरेको झाँक्रीहरु बताउँछन्। सोनामाई शक्तिपीठमा दर्जनौं धामी झाँक्री रातदिन भजन किर्तन र भूत भगाउने काममा तल्लिन रहन्छन् भने २४ सै घण्टा माता प्रत्यक्ष विराजमान रहेर पीडितको पीडा हरण गर्ने गरेको कुरा अर्का पूजारी रमेश झा बताए।

माताको दरबारमा एक पटक पुग्ने पीडितको शरिरमा जीवनमा फेरि कहिल्यै पनि भूत प्रेत र बोक्सा बोक्सीको शक्ति नलाग्ने धार्मिक विश्वास छ। प्रत्येक वर्ष लाखौं दर्शनार्थी मेला भर्न आउने सोनामाई शक्तिपीठमा यसवर्ष सोनामाईको भूत मेलामा दुई लाखभन्दा बढी भक्तजन सहभागी हुने अनुमान गरिएको छ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा मोटरसाइकल दुर्घटना हुँदा एकको मृत्यु भएको छ।

जिल्लाको सबैला नगरपालिकामा मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अन्य एकजना गम्भीर घाइते भएका छन्। मृत्यु हुनेमा धनुषाको सबैला नगरपालिका- १२ स्थित रघुनाथपुरका ४८ वर्षीय विश्वेश्वर मण्डल रहेका छन्।

धनुषाका प्रहरीका अनुसार अनुसार जनकपुरबाट धनुषाधामतर्फ गइरहेको स ७ प ३९३२ नम्बरको मोटरसाईकल मिथिलाविहारी नगरपालिका- २ स्थित पर्शुराम तलाउनजिक अनियन्त्रित भएर दुर्घटना भएको थियो। दुर्घटनामा गम्भीर घाइते मण्डलको उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याउने क्रममा बाटोमै मृत्यु भएपछि चिकित्सकले मृत घोषणा गरेका थिए।

मोटरसाइकलमा पछाडि सवार २२ वर्षीया रेणु मण्डल गम्भीर घाइते भएकी छन्। उनको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको धनुषा प्रहरीले जनाएको छ।

# झिझिया महोत्सव हुने

**टुडे समाचारदाता**

जनकपुरधाम। बडादशैंको क्रममा जनकपुरधाममा झिझिया महोत्सव गरिने भएको छ।

जनकपुरधाममा सोमबार पत्रकार सम्मेलन आयोजना गरी यही असोज २३ गते बुधबार झिझिया महोत्सवको आयोजना गरिने नवमिथिला फाउण्डेसनले जनाएको छ।

मिथिलाको लोक संस्कृति, लोक गायन तथा धार्मिक परम्परालाई बचाउने उद्देश्यले झिझिया महोत्सवको आयोजना गर्न लागिएको फाउन्डेसनका अध्यक्ष अमित साहले जनाए।

अध्यक्ष साहले पाँच सय जना टाउकोमा झिझियाको घैंटो राखेर झिझियाको गीतमा नाच्ने योजना समेत रहेको बताए। सो महोत्सवमा झिझियाको विगत, वर्तमान र भविष्यबारे चर्चा-परिचर्चा समेत गरिने आयोजनको भनाइ छ।

विगत ६ वर्षदेखि जनकपुर साहित्य महोत्सवको आयोजना गर्दै आएको फाउण्डेसनले यस वर्ष दोस्रो पटक झिझिया महोत्सवको आयोजना गर्न लागिएको उनले बताए।

सो महोत्सवमा धनुषाधाम टिम, मिथिलेश्वर झिझिया समूह, मिथिला झिझिया समूह वडा नम्बर २, भोइल झिझिया समूह वडा नम्बर १८, अप्पन मिथिला झिझिया समूह वडा नम्बर ४, जनकपुर युथ बैण्ड, हिमाली इंगलिश बोर्डिंग स्कुल, जनकपुर एकेडमी स्कुलले झिझिया नृत्य प्रस्तुत गर्ने आयोजकले जनाएको छ।

# पत्रकारमाथि दुर्व्यवहार

**टुडे समाचारदाता**

जनकपुरधाम। एक कार्यक्रममा सरिक हुन पुगेका संचारकमीहरुमाथि दुर्व्यवहार गरिएको आरोप लगाइएको छ।



जनकपुरधाममा राम चोकस्थित नवमिथिला फाउण्डेसनले आयोजना गरेको पत्रकार सम्मेलनमा निम्तो पाएका संचारकर्मीहरुको एक समूह कार्यक्रम स्थल नजिकै खाजा तथा चिया खान सडकपेटी छेउमा बसेपछि पसलेले दुर्व्यवहार गरेको बताइएको छ।

सो घटनामा संलग्न संचारकर्मीहरुको एक समूह चिया र नास्ता खान बसेको बेला एक व्यापारीले सरसफाई भइरहेको भन्दै उनीहरुलाई अर्को ठाउँमा सर्न भनेपछि अटेर गर्दै नहटेपछि विवाद भएको थियो।

आफ्नो पसलको अगाडि बसेको भन्दै उनीहरूलाई लक्षित गरेर पानी पोख्दै सरसफाई गर्न थालेपछि सो स्थलमा बसेकी केही संचारकर्मीहरुमाथि सो पानी परेको थियो। त्यसपछि सो विवादले उग्ररुप लिएको थियो। संचारकर्मी चाँदनी झाले पसलेले पत्रकारलाई लक्षित गरी जीउमा पानीको फालेर दुर्व्यवहार गरेको आरोप लगाइन्।

प्रत्यक्षदर्शीहरूको भनाइ अनुसार ढिला गरी आएका केही संचारकर्मीहरुले सो घटनालाई थप उग्र बनाउँदा झडपको स्थिति सृजना भएको थियो।

# कर्मचारी र लाभग्राहीले तलबभत्ता पाएनन्



**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीमा सात पालिकाले समयमै नगरसभा गर्न नसकेपछि कर्मचारी तथा लाभग्राहीले चाडपर्वको बेला तलब भत्ता तथा सेवासुविधा पाउन सकेका छैनन्।

चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको अन्तिम समय भइसक्दा पनि सर्लाहीमा केही पालिकाको खाता सञ्चालन नहुँदा तलबभत्ता भुक्तानीमा समस्या भएको छ।

दशैंलगायतका चाडपर्व आइसक्दासमेत कर्मचारीले तलबभत्ता र सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राहीले रकम पाउन सकेका छैनन्। यसपटकको चाडपर्व खल्लो हुने भन्दै कर्मचारी तथा लाभग्राहीहरू निरास छन्।

जिल्लाको चन्द्रनगर गाउँपालिका-६ की ५३ वर्षीया रतियादेवी माझीले सरकारले दिने सामाजिक सुरक्षाभत्ताले दशैं तिहार मनाउने योजना बनाए। सोही भत्ता रकमले छ जनाको परिवारमा खुसी ल्याउने योजना कार्यान्वयन नहुने भएपछि उहाँ निराश हुनुहुन्छ।

जिल्लाको गोडैता नगरपालिका-१ स्थित पिपरियाका महेन्द्र कुशवाहा पनि भत्ता नआएपछि छटपटीमा हुने गरेको छ। दमको दीर्घरोगी उनलाई चाडवाडसंगै औषधिमूलो किन्नसमेत समस्या भएको छ।

उनी जस्तै समस्या नगरमा काम गर्ने कर्मचारीहरूलाई समस्या परेको छ। कविलासी नगरपालिका-२ स्थित बालगोविन्द जनता मावि पिपरियाका शिक्षक वीरेन्द्र साहले विभिन्न कारणले पालिकाको खाता सञ्चालन हुन नसक्दा तलबभत्तासमेत नपाएको गुनासो गरे। चाडबाडको समयमा तलब नपाउँदा शिक्षकशिक्षिकालाई घरजानसमेत समस्या भएको उहाँले बताउनुभयो।

सो पालिकाकामा आन्तरिक विवादका कारण हालसम्म नगरसभाबाट बजेट पारित हुनेसकेको छैन। त्यसैकारण आर्थिक कारोबार ठप्प छ।

त्यस्तै बसवरिया गाउँपालिकाको स्वास्थ्य शाखाका सिनियर अहेब जयलाल सहनीले तलबभत्ता नपाउँदा ऋण काडेर चाडबाड मनाउन बाध्य भएको बताउनुभयो।

जिल्लाका सातवटा पालिकाले समयमै परिषद् गरेर खाता सञ्चालन नगर्दा सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राही, सयौं कर्मचारी तथा पालिकाको विभिन्न क्षेत्रमा काम गरिरहेका संघसंस्था, कार्यालय तथा कम्पनीहरु प्रभावित बनेका छन्।

समग्रमा आठ हजार सामाजिक सुरक्षाभत्ता लाभग्राही, करिब चार सय ५० कर्मचारीले यस्तो समस्या भोगिरहेका छन्। २० पालिका रहेको सर्लाहीमा हालसम्म ईश्वरपुर, गोडैता र कविलासी नगरपालिका तथा पर्सा, बिष्णु, बसवरिया र चन्द्रनगर गाउँपालिकाले परिषद् गर्न सकेका छैनन्। स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको नियमानुसार आवश्यक प्रक्रिया नपुऱ्याएकाले पालिकाहरूको खाता सञ्चालनमा नआएको कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका निमित्त कोष नियन्त्रक रुपेशकुमार तिवारीले बताए।

अन्य आठ नगरपालिका र पाँच गाउँपालिकाले परिषद् सम्पन्न गरी पहिलो चौमासिक रकम निकासा गरेर नियमित तलबभत्ता वितरण गरिरहेका उनले बताए।

# तीन महिनापछि यातायात सञ्चालन

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको सबैभन्दा विकट क्षेत्रमा नारायण खोलामा तीन महिनापछि यातायातका सवारीसाधन सञ्चालनमा आएको छ।

जिल्लाको लालबन्दी नगरपालिका-१४ स्थित नारायण खोलासंग नजोडिएको बाटो मर्मत गरेपछि सवारीसाधन चल्न थालेको छ।



सडक सञ्जालमा नजोडिएको नारायणखोलामा खोलाको बाटो मर्मत गरेर सोमबारबाट बस, बोलेरो र ट्र्याक्टर सञ्चालन गर्न थालिएको छ। दशैंका बेला लालबन्दी बजारसम्म गाडी चल्न थालेपछि स्थानीय खुसी भएका छन्।

यातायात व्यवसायी समेत रहेका नारायणखोलाका वडाअध्यक्ष छेनामसिंह घिसिङले दुई दिन लगाएर खोलाको बाटो मर्मत गरेपछि सोमबारबाट नारायणखोलाको मोटरदोभानसम्म गाडी पुगेको जानकारी दिए। सिन्धुलीको सिमाना चुरेसम्म नै गाडी पुऱ्याउन खोलाको बाटो सम्याउने काम भइरहेको वडाअध्यक्ष घिसिङले बताए।

सिन्धुलीतर्फ मरिण गाउँपालिकाले पनि चुरेसम्म आउने खोलाको बाटो मर्मत गरेकाले केही दिनभित्रै लालबन्दीबाट छुटेका बस नारायणखोला हुँदै मरिणसम्म पुग्ने घिसिङको भनाइ छ। नारायणखोलामा सोमबार पहिलो दिन दुईवटा बस, चारवटा ट्रैक्टर र केही बोलेरोले यात्रु ओसारेका छन्। अन्य कुनै विकल्प नहुँदा नारायण खोलाका स्थानीय खोलाको बगरबाट चल्ने बस, बोलेरो र ट्रैक्टरमा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। यातायात व्यवसायीले केही दिनअघि नै खोलाको बाटो मर्मत गरेर गाडी गुडाउने तयारी गरेपनि असोज दोस्रो साताको भारी वर्षापछि समस्या उत्पन्न भएको थियो।

केही दिन अघि आएको बाढी आउनु अघि ट्रैक्टरमा खाद्यान्न लगिएको थियो। सो लालबन्दी- १४ को वडा कार्यालयले खोलामा गाडी हिँड्ने बाटो बनाउन अहिले पनि दुईवटा जेसीबी प्रयोग गरिरहेको वडाअध्यक्ष घिसिङले दिए।

नारायणखोलाको पूर्वी भेग लखन्देही खोलामा एउटा र पश्चिमी भेग डाइनी खोलातर्फ अर्को जेसीबी प्रयोग गरेर खोलामा बाटो बनाउने काम भइरहेको छ। नारायणखोलास्थित पन्ध्रबिघाका लालबहादुर योन्जनले तल्लो भेगसम्म जेसीबीले खोलामा बाटो बनाउने काम गरिरहेकाले आफूहरूको ठाउँसम्म बस आउन बाँकी नै रहेको बताए।

आफू आइतबार मात्र पत्थरकोटसम्म चार घण्टा हिँडेर लालबन्दी बजार पुगेर औषधी उपचार गराइ फर्किएको योञ्जनले बताए। लालबन्दी बजारदेखि पत्थरकोटसम्म कालोपत्रे सडक पुगे पनि उत्तर नारायण खोलातर्फ जान खोलाको बगर प्रयोग गर्नुपर्ने बाध्यता छ।

वर्षात रोकिएर खोलामा पानी घटेपछि बाँके, फूलजोर र कालिञ्जोर खोला भएर जाने शिर कालिञ्जोर, भित्रीखोला, पिपलदमारलगायत क्षेत्रमा पनि गाडी चलाउने तयारी गरिएको छ। हिउँदयाममा खोलाबाट गाडी चल्ने चुरेका यी क्षेत्रमा वर्षायाममा खोलाबाढीमा हेलिएरै पैदल हिँड्नुको विकल्प नरहेको बताइन्छ।

# विवाद समाधान भएपछि शिलान्यास र निर्माण कार्य सुरु

**टुडे समाचारदाता**

राजविराज। सडकका लागि जग्गा छाड्ने विषयमा विवाद भइ लामो समयदेखि सवारी आवागमन र पैदल आवतजावतमा समेत समस्या झेलिरहेका सप्तरीको राजगढ गाउँपालिका-४ स्थित बेल्हीचपेना लवटोलियाका वासिन्दाहरुको समस्या समाधान भएको छ।



राजगढमा सोमबार गाउँपालिकाका अध्यक्ष ओमप्रकाश मण्डल, वडाअध्यक्ष अशोक साह, समाजसेवी तथा राष्ट्रिय मुक्ति क्रान्ति नेपालका केन्द्रीय सदस्य गजेन्द्र कुमार मण्डल र स्थानीय भरभलादमीको पहलमा विवादित स्थानमा सडक निर्माणका लागि जग्गा छाड्ने सहमति गराइए पछि समस्या समाधान भएको छ।

सो टोलमा ४५ घरधुरी परिवारको बसोवास रहेको छ। टोलवासीले लामो समयदेखि आवतजावत समस्या भएको भन्दै सडक निर्माणको माग गर्दै आएका थिए। तर दुई पक्षले आ-आफ्नो नम्बरी जग्गा भएको दाबीका साथ सो जग्गाको ५० मिटर जतिको भागमा घेरबार गरी गरेपछि सडक बनाउन समस्या भएको थियो।

सो गाउँपालिकाका अध्यक्ष मण्डलसहितको टोलीले दुबै पक्षलाई राख्दै सार्वजनिक महत्वको काममा अवरोध नगरी सहयोग गर्न आग्रह गरेपछि विवाद गर्दै आएका दुबै पक्षले सहमति जनाउँदै सो जग्गाबाट घेरबार गरिएका टाटीहरु हटाएका छन्।

सहमति भए लगत्तै गाउँपालिका अध्यक्ष मण्डलले उक्त स्थानमा चार मिटर चौडाई र पाँच सय मिटर लम्बाईको सडक निर्माणको शिलान्यास समेत गरेका छन्। शिलान्याससँगै सडकको निर्माण कार्य पनि सोमबारदेखि नै सुरु भएको छ।

सडक निर्माण भएपछि सो टोलका मात्र नभइ आसपासका टोलका वासिन्दा समेत लाभान्वित हुने गाउँपालिकाले जनाएको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८